जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३४, २०७६ साल पुस ११ गते शुक्रबार, नेपाल संवत् ११४० (Dec. 27, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## एमसीसी पारित गराउन आग्रह

काठमाडौं । मिलियन च्यालेन्ज अकाउन्ट नेपाल (एमसिए नेपाल) ले संसदको चालु अधिवेशनबाट मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) संगको कम्प्याक्ट अनुमोदन गर्न आग्रह गरेको छ। अमेरिकी सरकारले एमसीसीमार्फत आएको सहयोग रकमबाट सम्पन्न हुने सडक पूर्वाधार र विद्युत प्रसारण लाइन समयमै सम्पन्न गर्न एमसीए नेपालले प्रतिबद्धता गरेको छ। एमसिए नेपालले एक पत्रकार सम्मेलनको आयोजना गरी एमसीसीको आयोजना सम्पन्न गर्ने प्रावधानबाहेक अन्य ठूलो सर्त नरहेको जानकारी दिएको बाँकी ८ पेजमा

## पार्टी गर्न सुविधायुक्त बस

काठमाडौं । पार्टी गर्न सामान्यतया पार्टी प्यालेस, होटल, रेस्टुरां जाने गरिन्छ। तर अब पार्टी बस नेपालले ठूलो 'पार्टी बस' सञ्चालनमा ल्याउने भएको छ। यो बस जनवरी दोस्रो साताउदेखि सञ्चालनमा ल्याइने भएको छ।

पार्टी बसमा हाईफाई डिजे संगीत प्रणाली, सुविधा सम्पन्न बार, छुट्टै धुम्रपान क्याबिन, डान्स फ्लोर रहेको छ। कम्पनीले यस पार्टी बस प्रयोग गरे बापत विभिन्न शुल्क निर्धारण गरेको छ। हप अन पार्टी राइडको प्रतिव्यक्ति १ हजार रुपैयाँ निर्धारण गरेको छ। प्राइभेट पार्टीको बाँकी ८ पेजमा

# नेपालको कूटनीतिक पत्रलाई भारतको 'रेस्पोन्स'

काठमाडौं। भारतले कालापानी क्षेत्रको सीमामा समस्या रहेको स्वीकार्दै त्यसलाई समाधान गर्न तयार रहेको पत्र पठाएपछि कालापानी सुस्ता लगायतको सीमा विवाद टुंगिने सम्भावना बढेको छ। भारतले विशेष राज्यको दर्जा प्राप्त जम्मु र कस्मिरलाई केन्द्र शासित प्रदेशमा परिणत गरेपछि २ नोभेम्बरमा नयाँ राजनीतिक नक्सा सार्वजनिक गर्दै लिम्पियाधुरा कालापानी र लिपुलेकलाई समेटेपछि नेपालमा जनस्तरबाट भारतीय हर्कतको धुवाँधार विरोध भएको थियो। विदेशमा रहेका नेपालीहरु समेतले त्यसको विरोध गर्दै भारतीय दुतावासअघि शान्तिपूर्ण प्रदर्शन गर्दै ज्ञापनपत्र बुझाइरहेका छन्। सरकारले कालापानीबाट भारतलाई आफ्नो फौज फिर्ता लैजान भन्दै विरोधमा कूटनीतिक नोट समेत पठाउँदै वार्ताको प्रस्ताव गरेको थियो। नेपालको पत्र पठाएको एक महिनापछि भारतले कूटनीतिक माध्यमबाट समस्या समाधान गर्न आफू तयार रहेको जानकारी गराएको छ।

नेपालस्थित भारतीय दुतावासमार्फत पठाइएको पत्रमा नेपालले यसअघि वार्ताको मितिसहितको प्रस्ताव गरे पनि भारतले भने मिति उल्लेख गरेको छैन। पत्रमा उपयुक्त तिथिमा वार्ता गर्ने ब्यहोरा छ। यसअघि दुवै पक्षले तय गरेको परराष्ट्र सचिवस्तरीय संयन्त्रबाटै यो विषय हल गर्ने भनिएको छ। नेपालले पठाएको पत्रमा पनि परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई क्रियाशील बनाएर वार्ता अघि बढाउने उल्लेख थियो। भारतले पठाएको पत्रलाई सरकारले सकारात्मक रुपमा लिएको बताइन्छ तर पत्रमा के के कुरा उल्लेख गरिएका छन् भन्नेबारे विस्तृत विवरण गोप्य राखिएको छ। यसअघि ९८ प्रतिशत टुंगो लगाइसकिएको कालापानी र सुस्ता क्षेत्रको मात्रै बाँकी रहेको प्रसंग पत्रमा उल्लेख गरिएको परराष्ट्र मन्त्रालय स्रोतले बतायो।

एक पृष्ठको उक्त पत्रमा कालापानी र सुस्ता क्षेत्रको समस्या सल्टाउन हामी तयार छौं, भारतले भनेको छ। भारतले सीमा समस्या हल गर्न आफू तयार भएको भने पनि उसको नियत भने शंकास्पद देखिएको छ। पत्रको पहिलो बुँदामै भारतले कालापानी क्षेत्र आफ्नो रहेको दाबी गरेको छ। तर उसले यो भूमिलाई विवादित पनि उल्लेख गरेको छ। भारतीय पत्रबाट के बुझ्न सकिन्छ भने सिमाना समस्या छ भन्ने उसले स्वीकार गरेको छ। तर त्यति सहज ढंगले उसले हडपेको नेपालको भूभाग छोड्न तयार देखिँदैन।

सत्तारुढ दल नेकपाको स्थायी कमिटी बैठकले लिम्पियाधुरा, उद्गमस्थल रहेको काली



नदीपूर्वको नेपाली भूमि समेत समावेश गरेर भारतले प्रकाशित गरेको राजनीतिक नक्सा अमान्य रहेको भन्दै अस्वीकार गर्ने निर्णय गरेको थियो। नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरामा भएको अतिक्रमणप्रति बैठकले गम्भीर ध्यानाकर्षण गर्दै अतिक्रमित भूभाग फिर्ता गर्न त्यहाँ तैनाथ भारतीय सुरक्षाकर्मी र सुरक्षा शिविर हटाउन आवश्यक कदम चाल्ने निर्णय गरेको छ' नेकपाको निर्णयमा उल्लेख छ। सीमा समस्याबारे परराष्ट्र सचिवस्तरीय संयन्त्रमा छलफल भइरहेका बेला त्यसविपरीत नक्सा सार्वजनिक हुनु आपत्तिजनक रहेको ठहर गर्दै नेकपाले कूटनीतिक र राजनीतिक प्रयासबाट समस्याको छिटो समाधान हुनुपर्ने निचोड निकालेको थियो। अतिक्रमित भूमिका बारेमा वार्ताको प्रस्ताव गर्दै मंसिर ७ मा नेपालले पठाएको पत्रमा वार्ताका लागि सम्भावित मिति र स्थान प्रस्ताव गरिएको थियो। तर नेपाल सरकारले प्रस्ताव गरेको दुवै मिति टरिसकेपछि भारतले नेपालको पत्रको जवाफ पठाएको हो।

भारतले आफ्नो नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेपछि त्यसको सर्वत्र विरोध भयो र परराष्ट्र मन्त्रालयले कात्तिक २० मा एकतर्फी ढंगले गरिएको अन्तर्राष्ट्रिय सीमा हेरफेरको निर्णय नेपाललाई मान्य नहुने भन्दै वक्तव्य निकालेको थियो। वक्तव्यमा समाधान कूटनीतिक माध्यमबाट हुनुपर्ने उल्लेख थियो। त्यसपछि कात्तिक २३ मा प्रधानमन्त्री ओलीले सर्वपक्षीय बैठक डाकेर भारतले अतिक्रमण गरेको नेपाली भूमिका विषयमा छलफल गरेका थिए। छलफलमा सहभागी सबै राजनीतिक दलले सीमा विवाद हल गर्न अहिले उपयुक्त समय भएको भन्दै तत्काल भारतसँग संवाद गर्न प्रधानमन्त्रीलाई सुझाव दिएका थिए। त्यसको भोलिपल्ट प्रधानमन्त्रीले परराष्ट्र मामिलाका जानकारसँग परामर्श गरेका थिए। प्रधानमन्त्री ओलीले सार्वजनिक रुपमा कालापानीबाट भारतीय सेना हटाउन आह्वान गरेका थिए। पुस २ गते सर्वोच्च अदालतलाई लिखित जवाफ पठाएर सीमाका विषयमा भारतले गरेको कुनै पनि निर्णय नेपाललाई मान्य नहुने उल्लेख गरेका थिए।

कात्तिक २८ गते प्रधानमन्त्री ओलीले नेकपा वरिष्ठ नेता एवं विदेश विभाग प्रमुख माधवकुमार नेपाललाई भेटेर सीमा समस्या समाधानका लागि विशेष दूतका रुपमा भारतसँग वार्ता गर्न प्रस्ताव गरेका थिए। ओलीको उक्त प्रस्ताव स्वीकारेका नेपालले परराष्ट्र विज्ञहरुसँग छलफलको थालनी गरे पनि भारतले रेस्पोन्स नगर्ने बुझेपछि यो विषय त्यत्तिकै रोकिएको थियो। परराष्ट्र मन्त्रालयले परराष्ट्र सचिव स्तरीय संयन्त्र बैठकका लागि भारतसँग कूटनीतिक पहल गरे पनि भारतले चासो दिएन। कात्तिक २९ मा नेपाल भारत र नेपाल चीन सीमा अनुगमन समितिहरु बनाउने सरकारले निर्णय गरेको थियो। मंसिर ४ मा परराष्ट्र मन्त्रालयले भारतलाई कूटनीतिक नोट पठाएर लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको भएको प्रष्ट पारेको थियो। नोटमा सुगौली सन्धिको धारा ५ मा कालीनदीको भूभाग नेपालको हो भन्ने पुष्टि भइसकेको र दुई देशको सीमा रेखा त्यही अनुसार कोरिनुपर्ने उल्लेख थियो। बाँकी ८ पेजमा

## कालापानीमा अब नेपाली सुरक्षा बल

काठमाडौं । दार्चुला जिल्लाको ब्यास गाउँपालिकामा पर्ने लिम्पियाधुरा कालापानी र लिपुलेकसहितको भूभाग समेटेर भारतले १६ कात्तिकमा नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेपछि अतिक्रमित भूभाग फिर्ताका लागि पहल गर्न सरकारलाई जनस्तरबाट व्यापक रुपमा दबाब सिर्जना गरियो। देशमा भारतको भौगोलिक विस्तारवादी नीतिको तीव्र निन्दा भयो। 'गो ब्याक इन्डिया' लेखिएका ब्यानर र प्लेकार्ड बोकेर नेपाली जनताले भारतविरुद्ध नाराबाजी गरे। जनआक्रोश बढ्दै गएपछि परराष्ट्र लेखिएका ब्यानर र प्लेकार्ड बोकेर नेपाली जनताले भारतविरुद्ध नाराबाजी गरे। जनआक्रोश बढ्दै गएपछि परराष्ट्र मन्त्रालयले २० कात्तिकमा विज्ञप्तिमार्फत नेपालको कालापानीलाई भारतीय नक्सामा राख्ने निर्णय मान्य नभएको स्पष्ट पार्‍यो। सरकारले मंसिर ४ मा भारतलाई पत्र लेखेर सीमा विवाद सुल्झाउन आग्रह गर्‍यो। कालापानीमाथिको आफ्नो दाबी भारतले अझै छोडेको छैन।

कालापानी फिर्ता गराउन सरकारले अझै प्रभावकारी पहल गर्न नसके पनि त्यहाँ सुरक्षा बल तैनाथ गर्ने र भारतको बाटो प्रयोग गर्दै आएका सीमा क्षेत्रका बासिन्दाका लागि नेपालबाटै ओहोरदोहोर गर्ने घोरेटो निर्माणको तयारी सरकारले थालेको छ। प्रदेश सरकारका तर्फबाट समेत प्राविधिक सहितको एक टोली कालापानी क्षेत्रमा सुरक्षा बल राख्ने र हिँड्न सहज बाटो बनाउनेबारे प्रारम्भिक अवलोकन भइसकेको छ। कालापानी क्षेत्रमा ६ महिनासम्म हिउँ जम्ने भएकाले सुरक्षा बलका लागि हिउँमा पनि बस्न मिल्ने संरचना बनाइने भएको छ। कालापानी क्षेत्रमा भारतीय बाँकी ८ पेजमा

## मार्क्सवाद ढुंगामा खोपिएको डिको होइन

काठमाडौं । नेकपा मालेको सातौं केन्द्रीय कमिटीको बाह्रौं पूर्ण बैठक पुस ४ देखि ६ गतेसम्म पार्टी केन्द्रीय कार्यालयको सभाकक्षमा महासचिव सीपी मैनालीको अध्यक्षतामा बसी विभिन्न निर्णयहरु गरेको छ। महासचिव मैनालीले बैठकका सहभागीहरुलाई स्वागत गर्दै १२ बुँदे कार्यसूची प्रस्तुत गर्नुभएको थियो। बैठकले महासचिवको राजनीतिक प्रतिवेदन पारित गर्नुका साथै स्थायी कमिटी बैठकका निर्णयहरुको अनुमोदन गरेको थियो। बैठकमा हाले सम्पन्न उपनिर्वाचनको समीक्षा गर्नुका साथै सम्बन्धित जिल्लाका सचिवहरुबाट प्रतिवेदन प्रस्तुत गरिएको थियो। सातै प्रदेशका सचिवहरुद्वारा प्रस्तुत संगठनात्मक गतिविधिसम्बन्धी प्रतिवेदनमाथि बैठकमा छलफलसहित अनुमोदन गरिएको थियो। बैठकमा वजस मोर्चाको प्रतिवेदनमाथि समीक्षा गर्नुका साथै केन्द्रीय कमिटीका सदस्यहरुको जिम्मेवारी र विभाग सम्बन्धमा छलफल



गरिएको थियो। बैठकले पार्टीका सबै कमिटी, वजस मोर्चाहरुलाई थप सक्रिय बनाउने निर्णय गर्नुका साथै केन्द्रीय सल्लाहकार कमिटी, राष्ट्रिय परिषद, र प्रदेश कमिटीलाई व्यवस्थित र सक्रिय बनाउने निर्णय समेत गरेको छ। बैठकको अन्त्यमा राष्ट्रिय तथा अन्तर ष्ट्रिय प्रस्तावहरु पारित गरिएको थियो।

महासचिव मैनालीद्वारा प्रस्तुत 'पार्टीको सुदृढीकरण र विस्तार गरौं, देशभक्त शक्तिको फराकिलो मोर्चा बनाउँदै अघि बढौं' शीर्षकको प्रतिवेदनमा मुलुकको समसामयिक राजनीतिक गतिविधिको मिहिन ढंगले समिक्षा गरिएको छ। प्रतिवेदनको प्राक्कथनमा भनिएको छ- 'म सबै सहभागी आदरणीय सहयोद्धा कमरेडहरुलाई यस अवधिमा गरिएका बढ्दो बाह्य हस्तक्षेप र सरकारका गलत हानिकारक नीति निर्णयहरु विरोधी जटिल तथा कठिन संघर्षहरुलाई स्मरण गराउन चाहन्छु, वस्तुवादी तथा सिद्धान्तनिष्ठ रही न्याय, समानता, मुक्ति र समृद्धि निर्माण निम्तिको निरन्तरताको संघर्षलाई अझ प्रभावकारी ढंगले अघि बढाउन प्रेरित गर्न चाहन्छु। त्यसका लागि नेपाली जनताको त्यागी, बलिदानी, सिर्जनशील एवं साहसी नवप्रवर्तनकारी नेता बन्न उत्प्रेरित गर्न चाहन्छु। हामीहरुमा भित्री मनदेखि नै यो भावना पलाउनुपर्छ, हामी जति कठिनाइ सहेर भए पनि नेपाली जनता तथा राष्ट्रको मुक्ति र समृद्धिको बाटो खोज्छौं। बाँकी ८ पेजमा

## नेकपामा पौडेल र पोखरेलको द्वन्द्व

काठमाडौं । नेपालमा अन्तरपार्टी भ्रष्टाचार कमाउने धन्दाले हरेक पार्टीमा चरम द्वन्द्व र विवादहरु बढ्दैछन्। लुम्बिनी अञ्चलको नेतृत्व लिने नेकपाका महासचिवमाथि धेरै नेता र कार्यकर्ताले अकुत सम्पत्ति आर्जन गरेको गुनासो ५ नं. प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलसमक्ष प्रस्तुत गर्दै आएको बताइन्छ। नेकपाभित्र सदाचारी र भ्रष्टाचारीबीचको द्वन्द्व कलह विवादमा भ्रष्टाचारी पक्षको विजय हुनु हुँदैन भन्ने पक्षमा मुख्यमन्त्री पोखरेल हुनुहुन्छ।

नेकपा महासचिव विष्णु पौडेलले २०४८ सालपछि आर्जन गरेको सम्पत्ति पार्टीले नै खोजी र छानबिन गर्ने पहल होस् भन्ने हजारौं इमानदार कार्यकर्ताहरुको आवाजलाई मुख्यमन्त्री शंकर पोखरेलले कदर हुन्छ भन्ने आश्वासन कार्यकर्तालाई दिँदै आउनुभएको बताइन्छ। नेकपा एकै पार्टीभित्र भ्रष्ट र सदाचारी बीचको खाडल पार्टीमा बाँकी ८ पेजमा

## नेकपाको एकतामा अन्तर त्रासको भय

■ गोविन्द विश्वकर्मा

सत्तारुढ दल नेकपा भित्र नै सरकारको कामबाट सन्तुष्ट नभएको आवाजहरु आउन थालेका छन्। फरक विचार बोकेर आफूलाई कम्युनिष्ट पाटीको दर्फेदारका रुपमा स्थापित भएका तत्कालिन नेकपा माओवादी तथा नेपाल कम्लीस पाटीले देशमा अब एउटा मात्र कम्युनिष्ट पाटी छ भन्ने सन्देश दिदै माथीदेखि तलसम्म एक हुने प्रकियामा गएर चुनावमा ६० र ४० को भागवन्डामा होमिएका थिए। उनीहरुको गुटबन्दीलाई जनताले विश्वास गरी मत पनि नदिएका होइनन। दुई फरक धारका पाटी एक भएर नेकपा भयो। जनताको मतबाट वहुमतको सरकार पनि बनाउन सफल भयो। बारम्बार पाटी एकताको काम सक्ने छलफल भए पनि अझै पाटी एक भएको व्यवहारिक रुपमा देखिदैन। माथिल्लो तहका नेताहरु एक भए पनि तल्लो तहमा अझैपनि पाटी दुईवटा नै भएको बुझिन्छ। तल हरेक कुरामा भाग चाहिन्छ। मेरो पाटीबाट यति र उति भन्दै भाग बन्डाको बारगेलिङ गर्नु भनेको के पाटी एकिकरण भएको हो त ?पाटीमा प्रचन्ड र केपी ओलीको हैसियतलाई कायम बाँकी ८ पेजमा

## फ्रान्सस्थित भारतीय दूतावास आगाडि प्रदर्शन

काठमाडौं । फ्रान्सवासी नेपालीहरुले भारतद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता गर्नुपर्ने माग गर्दै पेरिसस्थित भारतीय दूतावास अगाडि प्रदर्शन गरेका छन्।

फ्रान्समा बसोवास गरिरहेका नेपालीका तर्फबाट संयुक्त रुपमा आयोजना गरिएको प्रदर्शनमा नेपालको भूभाग समेटेर भारतले सार्वजनिक गरेको नयाँ नक्शा सच्याउनुपर्ने, नेपालमाथिको भारतिय हस्तक्षेप बन्द गर्नुपर्ने, लिपुलेक, कालापानी र लिम्पियाधुराबाट भारतीय उपस्थिति हट्नुपर्ने मागसमेत गरेका छन्।

प्रदर्शनीका क्रममा नेपालीहरुले 'आफ्नो छिमेकीलाई नसताऊ, नेपालीलाई शान्तले बस्न देऊ, भारतीय हस्तक्षेप अति भो' भन्दै फ्रान्सेली भाषामा लेखिएका प्लेकार्ड समेत देखाएका थिए। बाँकी ८ पेजमा

सन्दर्भ : ११६ औं माओजयन्ती

## यसकारण सम्झने माओलाई

■ विष्णु भट्टराई

चिनियाा समाजवादी आन्दोलनका प्रणेता माओत्सेतुङको १२६ औं जन्मजयन्तीको दिन हो डिसेम्बर २६। आजभन्दा १२६ वर्षअघि सन् १८९३ डिसेम्बर २६ माओ जन्मिएका थिए। सन् १९२१ मा उनी चिनिया कम्युनिस्ट पार्टी स्थापना गर्नेमा सामेल भए। कम्युनिस्ट पार्टी क्योमिन्ताङबीच सहकार्य हुन सकेन। माओले हुनान किसान आन्दोलनको नेतृत्व सम्हाले। चीनमा त्यसबेला साम्राज्यवादी हैकम कायम थियो। जनता सामन्तवादको साङ्लोमा बाधिएका थिए। चीनबाट साम्राज्यवादलाई लखेट्नु थियो, अर्कोतिर किसान र साना पुजीपति वर्गलाई सामन्तवादको शोषण र थिचोमिचोबाट मुक्त गराउनु थियो। माओले क्रान्तिको बाटो आफै तय गरे अनि त्यसलाई नौलो जनवादी क्रान्ति



भने। यसको नेतृत्व मजदुरले गर्ने भए पनि किसानको सहभागिताबिना मुक्ति सम्भव नहुने भन्दै यसलाई दीर्घकालीन जनयुद्धको बाटो अपनाए। चिडकाइसान पर्वतलाई आधार इलाका बनाउदै माओले किसान सामेल भएको जनमुक्ति सेना बनाए। जनमुक्ति सेनाकै बलमा उनले जापान विरोधी युद्धमा विजय हासिल गरे भने परम्परागत सामन्ती शासनको सिक्रन्जाबाट चिनियाा जनतालाई स्वतन्त्र गराए। सन् १९४९ मा चीनमा कम्युनिस्ट सत्ता स्थापना भयो।

माओले १९४९ देखि १९७७ सम्म अनवरत रुपमा चिनियाा राजकीय सत्ताको नेतृत्व गरे। चीनमा समाजवादी समाज निर्माण गर्न उनले गरेका कामहरुलाई अहिले पनि चिनियाा जनताले सम्झना गरिरहेछन्। माओको नेतृत्वकालमा चीनले अभुतपूर्व रुपमा विकासको गतितिर फड्को मार्‍यो। चीनलाई विश्व जगतसामु अघि बढाउनु अर्कोतिर चिनियाा मजदुर र किसानको जीवनमा आधार भूत परिवर्तन ल्याउनु चान्चुने कुरा थिएन। साम्राज्यवादीद्वारा थिलथिलो बनाइएको चीनलाई विकासको द्रुतगतिमा दौडाउन ड्राइभरको भूमिका निभाए माओले। चीनले राष्ट्रसंघ सुरक्षा परिषद्को पुनः सदस्यता पायो। आफ्नै तागतमा चीन आणविक बम सम्पन्न भयो। देशव्यापी रुपमा भौतिक उन्नतिका पूर्वाधारहरु तयार गरिए। आधारभूत स्वास्थ्य सेवा, शिक्षा सेवा, बालबालिका र महिला विकासको विषयमा विस्तार गरियो। मानव विकास सूचकांकमा चीनले अशोभनीय रुपमा फड्को मार्‍यो। १९७८ मा सुधारका कामहरु सुरु गर्नुअघि नै चीनले विश्वका आफूसरहका अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न अरु देशलाई आधारभूत विषयमा निकै पछाडि पार्न सफल भएको थियो। विश्वको सबभन्दा ठूलो जनसंख्या भएको र युगौंदेखि सामन्ती शोषणले आक्रान्त बनेको चीनलाई उद्योगधन्दा, कलकारखाना र कृषि सहायताका क्षेत्रमा स्वावलम्बी बनाउनु कम सकसपूर्ण काम थिएन। मजदुर सुरक्षाका बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# नेपाली रोवेस्पियरे को हुन सक्ला ?



**सुरेन्द्र ढकाल**

आधुनिक गणतन्त्रको स्थापना फ्रान्समा भएको थियो । विश्वकै प्रथम गणतन्त्र भनेर चिनिने यो व्यवस्था सन १७८९ मा त्यहाँ भएको क्रान्तिको उपज थियो । गणतन्त्रको स्थापनापछि सन १७९३ मा शुरु भएको आतंकको शासनताका राजनीतिक परिवर्तनलाई क्रान्तिकारी भएको देखाउने उद्देश्यले आमरुपमा हत्या र सार्वजनिक रुपमा मान्छेहरु मारिन्थे । जसमा शाही परिवार, कट्टरवादी (क्याथोलिक) पादरीहरु र भ्रष्ट व्यक्तिहरु आतंकको शासनको निशाना बनेका थिए । यस आतंकको शासनको नायक माक्समिलियन रोवेस्पियरे थिए । यिनले एक ट्रिवुनल खडा गरेका थिए जसले विभिन्न आरोप लगाउँदै मान्छेहरुलाई धमाधम मृत्युदण्ड दिन्थ्यो र यसरी मृत्युदण्ड पाएकाहरुलाई शिर काट्ने मेसिन (गिलोटिन) लगेर काट्ने काम गरिन्थ्यो । त्यतिबेला मानिसहरु यति आतंकित थिए कि मन्त्री बन्ने मान्छे पाइन्नथ्यो, सानो भूल, नैतिक पतनको आरोप र अनियमितताको कारण काटिन पर्ला भनेर । यो शासन रोवेस्पियरेको पतनसँगै सन १७९४ मा अन्त्य भएको थियो ।

नेपालमा पनि धेरैपटक क्रान्तिहरु भए तर नेपाली जनताले आतंकको शासन देख्न परेन । २००७ सालमा राणा विरोधी क्रान्ति भनियो तर एक जना राणा पनि क्रान्तिको क्रममा काटिएनन् बल्की क्रान्तिपछि पनि मोहनशम्शेर राणा नै प्रधानमन्त्री रहे । २०१५ सालमा निर्वाचित भई आएको कांग्रेस सरकारलाई अराष्ट्रिय



तत्व भन्दै राजा महेन्द्रले कू.. गरेर बर्खास्त गरे पनि कुनै कांग्रेसीहरु काटिएनन् ।

२०४६ सालमा पंचायत विरोधी आन्दोलन उत्कर्षमा पुग्यो । सरकारमा दमनमा उत्रियो । तर आन्दोलन नरोकिएपछि राजा वीरेन्द्रले बहुदलीय व्यवस्था दिए । आन्दोलन क्रममा भएको जनदमनका जिम्मेवारलाई कारवाही गर्ने भनेर मल्लिक आयोग बनाइयो । त्यसले कारबाही गर्न पर्नेहरुको सूची नै बनाएर प्रतिवेदन पेस गऱ्यो तर त्यो प्रतिवेदन कहिल्यै कार्यान्वयनमा नआउँदा कसैले पनि काटिन वा कारवाहीमा पर्न परेन । बरु उल्टै कालान्तरमा पूर्व पंचहरु क्रमशः लोकेन्द्र अनि सूर्यबहादुरहरु बहुदलीय व्यवस्थाको पनि प्रधानमन्त्री बन्न पुगे ।

त्यसैगरी २०६३ सालमा राजतन्त्रविरोधी आन्दोलन उत्कर्षमा पुग्यो । सरकार पुनः दमनमा उत्रियो । क्रान्ति सम्पन्न भयो । दमनकारीहरुलाई कारवाही सिफारिस गर्न भनेर रायमाझी आयोग बन्यो । यसले पनि कारवाही गर्न पर्नेहरुको लामो सूचिसहितको प्रतिवेदन नै तयार गऱ्यो । तर यो प्रतिवेदन पनि कहिल्यै कार्यान्वयनमा आएन बरु गणतन्त्रपछिको सरकारमा दमनकारी भनेर चिनिएका कमल थापा प्रवृत्तिहरु उपप्रधानमन्त्रीसम्म बन्न पुगे । नेपालले कहिले पनि आतंकको शासन देखेन । क्रान्तिविरोधी भनेर कसैले काटिनु परेन । त्यसैले होला पंचभन्दा कांग्रेसीहरु बढी भ्रष्ट भए, कांग्रेसभन्दा एमाले बढी भ्रष्ट भयो । यी दुवैलाई माओवादीहरुले भ्रष्टाचारमा उछिने । दलिय नेताहरु भ्रष्टचारबाट कमाएको धनले सम्भ्रान्त बन्न पुगे । लाउडा, चेज, वाइडबडी, एनसेल, ३३ किलो सुन, ललिता निवासको जग्गा, गोकर्ण रिसोर्ट यति समूहलाई दिने निर्णय जस्ता भ्रष्टाचारका महाकाण्ड र त्यसका नायकहरु सरकारमा पदासिन हुने क्रममा आए । भ्रष्टाचार गरे, सात पुस्तालाई पुग्ने धन कमाउँदै जाँदै गर्छन् । उनीहरुले कहिले दण्डित हुनु परेन । यदि हरेक क्रान्तिपश्चात आतंकको शासन चल्थ्यो भने मानिसहरु काटिन्थे होला अनि त्यसकारण पसेको डरको कारण नेताहरु भ्रष्टाचार गर्न डराउँथे होला । तर हरेक राजनीतिक परिवर्तनपछि यहाँ आतंकको शासन नआएको हुँदा पंचको भ्रष्टाचार गर्ने रोग सबै दल र नेताहरुमा क्रमशः सल्कियो । अब त तैं चुप मैं चुप हुँदै भ्रष्टाचार गर्ने कुरामा सबै दल र नेताहरुबीच प्रतिष्पर्धा नै चलेको छ । अब भ्रष्टाचार यति निर्लज्ज तरिकाबाट हुँदैछ कि देशकै प्रमुख कार्यकारीकै संलग्नता र स्तरमा खुलेआम हुन थालिसक्यो । यसलाई रोक्न न अख्तियार, न अदालत, न प्रहरी, न सेना सबै असफल भइसकेको अवस्था आएको छ । यस्तो हुनुले कतै अब सरकार आफैले नै आफ्ना भ्रष्ट क्रियाकलापको कारण आतंकको शासनलाई निम्त्याउँदै त छैन ? नेपाली रोवेस्पियरे को हुन सक्ला (?) भन्ने प्रश्न उठन थालेको छ ।

## सम्पादकीय

# राज्यको सम्पत्तिको दोहन रोक

अहिले मुलुकभरका सरकारी जग्गा जमिनमाथि सरकार र व्यापारीको मिलेमतोमा चर्को दोहन भइरहेका समाचार सञ्चारमाध्यमको हेडलाइन बनिरहेका छन् । ललिता निवासको जग्गा होस् या खुलामञ्च, टुँडिखेल र गोकर्ण रिसोर्ट रहेको जग्गा किन नहोस् जहाँ उपभोग गर्ने र स्वीकृति दिनेबीच करोडौंको अवैध लेनदेन भएको स्पष्ट हुन्छ । ललिता निवासको अर्बौंको जमिन त स्वामित्व हस्तान्तरण नै गरेर सरकारी सम्पत्तिको नामोनिशान मेटाउने षड्यन्त्र भएको र यसका प्रमुख पात्रहरू लामो समयसम्म सत्ताकै राइँदाइँ गर्नेहरू नै रहेको स्पष्ट भइसकेको छ ।


हाम्रो धर्मशास्त्रहरूले समेत राजस्व देवश्व अर्थात् सरकारी सम्पत्ति र देवताका मठमन्दिर, गुठीको सम्पत्ति खानु महापाप र दण्डनीय भनेको र ऐन, कानुनले समेत बर्जित गरेकाले राज्यको सम्पत्तिमा भइरहेको दोहन अविलम्ब रोकेर यस कार्यमा संलग्न व्यक्तिहरूलाई कडा कारबाही गर्न आवश्यक छ ।

सत्ताको नजिक बसेर राष्ट्रिय सम्पत्तिको दोहन गर्ने ठूलो पात्रका रूपमा अहिले यति होल्डिङ्स नामको व्यापारिक संस्था अग्रपंक्तिमा देखिएको छ । सत्ताधारी दल नेकपालाई कार्यालय सञ्चालन गर्ने सुविधाजनक भवन (पासाङ ल्हामु प्रतिष्ठान) उपलब्ध गराइदिएर त्यसैको आडमा सिंगो पार्टी पंक्ति र सरकारलाई प्रभावमा पारेर उक्त कम्पनीले मुलुकभरका व्यापारिक प्रयोजनमा अब्बल ठहरिने सरकारी जमिनमा कब्जा जमाएको छ । नेपाल ट्रष्टको नाममा रहेको दरबारमार्गको जमिन, गोकर्ण फरेस्ट रिसोर्ट रहेको ठाउँको सयौं रोपनी जमिन, सगरमाथा राष्ट्रिय निकुञ्जको जमिन, लुम्बिनी विकास कोष अन्तर्गतका जमिन समेत यति होल्डिङ्ले हात पारिसकेको छ । उक्त कम्पनीले धरानमा एयरपोर्ट बनाउने भनेर समेत गैरकानुनी ढंगले सर्वसाधारण जनताको ठूलो परिमाणको जमिन हात पारेको समाचार समेत सार्वजनिक भएको छ ।

यति होल्डिङ्स कम्पनीको तागत मुलुकमा ऐन, कानुन संशोधन गरेर आफू अनुकूल बनाउन सक्नेसम्मको रहेको तथ्य समेत सञ्चारमाध्यममा छताछुल्ल भइसकेको छ । आफ्नो स्वार्थ अनुरूप नचल्ने देखेपछि गृहमन्त्री रामबहादुर थापा र सचिवहरू समेतलाई नेपाल ट्रष्टको सञ्चालकबाट हटाएर रक्षा मन्त्री ईश्वर पोखरेल र यति होल्डिङ्सकै कर्मचारीलाई सञ्चालकमा ल्याएर आफ्नो काम फत्ते गर्ने गरी ऐन संशोधन गरिएको समाचार सरकारले समेत खण्डन गर्न सकेको छैन । एउटा व्यापारिक संस्थाका पछाडि सिंगो सरकार हिँड्छ र सरकारका प्रधानमन्त्रीदेखि मन्त्रीसम्म आफ्नो दुनो सोझ्याउन तल्लीन बन्छन् भने त्यस्तो सरकारले कसरी आम जनता र देशको हित गर्न सक्छ ? गम्भीर प्रश्न उठेको छ ।

चौतर्फी मौलाइरहेको भ्रष्टाचार र लुटतन्त्रको संरक्षक सरकार आफैं बन्छ भने आम जनताले कसको विश्वास र भरोसा गर्ने ? अहिले नेपाल ट्रष्टका जमिनका अतिरिक्त गुठीका जमिन, विश्वविद्यालयका जमिन, मठमन्दिरका जमिनहरू कौडीका मूल्यमा लामो समयसम्म लिजमा दिएर कमिसन खाने संस्कार मौलाएर गएको छ । यस्ता सम्पूर्ण कमिसनका आडमा गरिएका लिज सम्झौताको अविलम्ब छानबिन गरी लाभको खेलमा संलग्न व्यक्तिहरूलाई कारबाही गरेर सरकारी सम्पत्तिको संरक्षण गर्न आवश्यक छ ।

# सजिलो सधैं हुँदैन नेपाललाई (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

संसार अपार छ भनी अध्यात्मवादीहरु भन्छन्- ‘सायद बाहिरी भौतिक र आन्तरिक आध्यात्मिक दुवै रुपबाट हेरेर मानिएको हो कि ? त्यो कुरा यो हरफकर्ताको क्षमतामा छैन । तर राजनीति त शुद्ध बाहिरी विषय हो । त्यस विषयमा जान्ने मान्छेहरुले चासो राखिरहेका हुन्छन् र बोल्ने तथा लेख्ने पनि गर्छन् । एकपटक अरब राष्ट्रहरु कमजोर भएको मौका छोपेर अहिलेको विश्वशक्ति अमेरिकाले गोल्डा मायरमार्फत एसियामै यहुदीहरुको इजरायल भन्ने देश स्थापना गरिछोड्यो । त्यसबखत अरब राष्ट्रहरुसँग भएको कलह सबैलाई थाहै छ किनभने दोस्रो विश्वयुद्धताका र पछि पनि यहुदीहरु युरोपमा धेरै पीडित भएका थिए । कति त ग्यास च्याम्बरमै मरेकै हुन् । यसैले अमेरिकी पहलमा यी वैज्ञानिक चेतना भएका जातिहरुको इजरायल देश स्थायी नै भयो ।

नेपालमा अहिले कम्युनिस्ट पार्टी नै सत्तामा छ तर यो कम्युनिस्ट सरकार हाम्रै उत्तरको माओको देशको जस्तो छैन । प्रजातान्त्रिक जस्तै छ । नेपालीको आफ्नो बाध्यताले एकातिर उत्तर चीन र दक्षिण भारत छन् । दुवै किसिमका राजनीतिक चरित्रका बीचमा फुकी फुकी सरकार चलाउनु त छँदैछ, यसको साथै पुरानै राणा कालदेखिकै मित्र देश अमेरिकासँग पनि राम्रो सम्बन्ध राख्न नेपाल बाध्य नै छ । यसैले अमेरिका भारत तथा चीनहरुलाई समदृष्टिमा राखी अघि बढ्नु नै छ । यस कुरामा विदेश गइरहने धेरै नेपालीहरु पनि विज्ञ नै छन् ।

यत्ति भनिसकेपछि सजिलै सदैव हुँदैन भन्ने त प्रस्ट नै भयो । हामी आफैंले गरेका भूलहरु पनि सुधार गर्दै अघि बढ्नु त्यत्तिकै आवश्यक छ । हाम्रा इतिहासकालमा गरेको पहिलो भूल भाइ छोराहरुमा राज्य बाँड्नु नै हो । त्यो कुरो दुल्लु आदि पश्चिमी क्षेत्र र काठमाडौं उपत्यकामै पनि गरियो । यसबाट राजा मानदेव र उनका पिता आदि प्रथम शताब्दी समकालीन चाँगुनारायण स्थान काठमाडौं उपत्यकाकै शिलालेख प्रमाणितमै विचलन भयो । पछिबाट नेपाल अंग्रेज युद्ध भइसकेपछि जंगबहादुरले भाइ भाइमै सत्ता हस्तान्तरण गर्ने स्थिति बसालिदिँदा पहिलो भूलले भुरेटाकुरे राजाहरु खडा गर्न मद्दत गऱ्यो भने दोस्रो भूलको अन्त्य २००७ वि.सं.को राणा शासनकै अन्त्य मानिएकै छ । त्यसबखतको कठिन परिस्थितिमा राजा त्रिभुवन आफ्नै पिताको सुरक्षा र स्वदेश नेपालको सुरक्षा युवराज महेन्द्रले नै गरे

**लामो अवधि पार गरेपछि भारतमै मूल नेताहरू पाहुने छाक खाएर बस्ने र नेपालमा चलिरहेको आन्दोलन माओवादीलाई सुरक्षित अवतरण गरी प्रधानमन्त्री आदि बनाउने जुन पछिल्लो काम भयो, त्यसलाई पाठकहरू के भन्नुहुन्छ यो हरफकर्ता बोल्दैन । जुनसुकै कुराको पनि त्यो काम आफैं बोल्छ व्यक्तिले बोलिरहनु पर्दैन,**

र राजा महेन्द्रले नै गरे । त्यसपछिको लामो अवधि पार गरेपछि भारतमै मूल नेताहरु पाहुने छाक खाएर बस्ने र नेपालमा चलिरहेको आन्दोलन माओवादीलाई सुरक्षित अवतरण गरी प्रधानमन्त्री आदि बनाउने जुन पछिल्लो काम भयो, त्यसलाई पाठकहरु के भन्नुहुन्छ यो हरफकर्ता बोल्दैन । जुनसुकै कुराको पनि त्यो काम आफैं बोल्छ व्यक्तिले बोलिरहनु पर्दैन, यो त सर्वमान्य सिद्धान्त नै हो, होइन र ?

कतै कतै हाम्रै छिमेक विदेशमा धर्म एकै छ आर्य धर्म हिन्दु बौद्ध आदि मान्यताका कारण जनता पनि सहज पहुँचमा छन् । आफ्ना काम कर्तव्यहरु नियमित र नैतिक रुपमा चलिरहेकै छ तैपनि यो पुरानो जातिलाई कतै कतै पहाडिया भनी होच्याएरै बोलिन्छ । आफ्नो शक्ति अथवा देश ठूलो भन्दा हुन् । कतै विदेशमा त भाडाका सिपाही पनि भनिन्छ । यस्तो भन्दा ती भन्नेहरु नै जानुन् । व्यक्ति कर्तव्य पथमा हिँडिरहेकै हुन्छ । यस्तो राजनीति नामको कूटनीतिमा नहुनुपर्ने कुरो पनि हुँदोरहेछ । यो दुःख धेरै विश्व नेपालीहरुको पनि हो । यस्तो कुराको चुरो खोजी पस्दा सायद उनीहरुको सहायता स्वीकार गरेरै हो कि जस्तो लाग्छ, यस्तोमा उनीहरुको अनैतिक द्रव्यले बुद्धि दूषण गरेकै हो कि ?

त्यस्तो अनैतिक द्रव्य उपभोग अथवा क्रय विक्रयद्वारा उपभोग भएको अनैतिक क्षेत्र कहाँ छैन र विश्वमा ? धर्मकै नाममा पनि पाप गर्ने मान्छेले अविद्यालाई विद्या भनेर पनि पढेकै हुन्छन् । यस्तै अविद्या पढेका हाम्रा मुर्धन्य भनिने विद्वान्हरुका क्रियाकलापले शिक्षा जस्तो पवित्र क्षेत्र र अध्यात्म जस्तो गम्भीर विषयहरु पनि आक्रान्त भई व्यापारको मुनाफाखोरमा पसिसकेका पनि छन् । यस्तैले कामै नगरी अथवा नकाम गरेर तलबभत्ता हसुरिरहेका हुन्छन् । यस्तोमा उनीहरुको नाम मात्रको धर्मले कसरी हाम्रो रक्षा गरोस् ? भारतमै बस्नु हुने नेपालीहरुले पनि यस्तो कुरा चालै नपाएर आफ्नै नालापानीको गर्नुपर्ने श्रद्धा भुल्नुभएको हो कि ? भन्नेसमेत उहाँहरुलाई पनि सोध्नै परेको छ ।

हामीले पनि आफ्नै राष्ट्रिय सुरक्षाको लागि सोभियत संघको १९९१ ई.अगस्टको युक्रेन विद्रोह २४ अगस्टको बहिर्गमन र १९९१ डिसेम्बरको ठूलो पराजय आदि त्यो देशका दुर्दिन सम्झनैपर्छ । त्यसबखत उसले चन्द्रमामा मान्छे पठाइसकेको थियो । अमेरिकन कूटनीतिज्ञहरु पाहुने छाक खान त्यहाँ जाँदै थिए । हाम्रो यही शीर्षक प्रथम २०७६ असार १३ गते शुक्रबार दोस्रो ऐ. साउन ३ गते शुक्रबार यसैमा छापिएकै छ । यही हरफकर्ताको समेत सबै दृष्टिगतमा सिक्किम कस्मिर आदि भारतीय अतिक्रमण पनि छन् । भारत ब्रिटिश पालाको अहिले तीन देश बनेकै छन् । त्यसैले सदैव होसपूर्वक चनाखो र मेहनती भएर नेपालले पनि आफ्ना प्रत्येक राष्ट्रप्रेमीमार्फत कसैको कुभलो नचिताएरै पनि आफ्नो भलो कष्टसाध्य नै भए पनि गरिरहनैपर्छ ।

# धर्म दर्शन कि राजनीतिक दर्शन ?

■ **हर्क याक्सो**

“दर्शन” भनेको मानवीय सोच, विचार वा दृष्टिकोण हो । यो संस्कृत भाषाको “दृश” धातुवाट उत्पति भएको शब्द हो । दृशको सामान्य अर्थ “हेर्नु वा देख्नु” भन्ने हुन्छ ।

अंग्रेजी भाषामा दर्शनलाई “फिलोसोफी” (Philosophy) भनिन्छ ,। फिलोसोफी प्राचीन ग्रीक भाषाको “फीले” र “सोफीया” दुई शब्द मिलेर बनेको शब्द हो । फिलेको अर्थ “प्रेम” र सोफीयाको अर्थ “बुद्धि” हुने भएकोले फिलेसोफीयाको अर्थ बुद्धि प्रतिको पेम वा माया वा लगाव भन्ने हुन्छ ।

दर्शशास्त्रको परिभाषा श्री बेदुराम भुसालज्यूको “दर्शन शास्त्रको परिचय” नामक पुस्तकमा दिए अनुसार–“दर्शन भनेको जीवन र जगत्लाई हेर्ने, बुझ्ने र ब्याख्या गर्ने दृटिकोण हो । मानिस जुन विश्व परिवेशमा बाँचेको हुन्छ, त्यस परिबेशको बारेमा मानिसको चिन्तन प्रणाली (System of thought) नै दर्शन हो ।”

समाज शास्त्रले बताए अनुसार दर्शन शास्त्र सम्बन्धी चिन्तन हजारौ वर्ष अगाडि दास युग देखि सुरु भएको हो । त्यसपछि सामन्त युग, पूजिवादी युग हुदै बर्तमान युगमा प्रवेश गरेको हो । दर्शन शब्दको प्रारम्भ र प्रयोग दक्षिण एशियामा सातौं शताब्दि देखि भएको हो भने यूरोपेली मुलुकमा युनानका दार्शनिक “थेल्स” (६२४-५४७ ई.पू.) को समय देखि भएको हो । दार्शनिक “हेगेल”(१७७०-१८५१) को समय सम्म ज्ञान-विज्ञान सम्बन्धी विभिन्न विचार र चिन्तनहरु दर्शन शास्त्र भित्र गाभिएको थियो ।


# मैले देखेको १२३ औं विश्व सम्पदा

# जर्मनीको सान्ससौची दरबार

सुरेन्द्र ढकाल



अंगुरै अंगुरको बगैंचाको टुप्पा दरबार यस्तो देखिन्छ



दरबारभित्रको कलात्मक अति सुन्दर कलात्मक कक्ष



दरबारभित्रको विशाल सिंगमरमर कक्षको कलात्मक भित्री गजुर



दरबारको बगैंचामा पर्यटकहरू



दरबारको कलापूर्ण अगाडिको मोहडा



माथिबाट हेर्दा दरबारको दृश्य

इटलीको ३ महिने भाषा र संस्कृतिको प्रशिक्षक प्रशिक्षण समाप्त गरी १९९२ को जनवरीको पहिलो हप्तामै नेपाल फर्किने क्रममा दुई हप्ताको लागि मित्र मोनिका होफमानको आग्रहमा पुनः जर्मनी गएँ । हाम्रो मित्रतालाई दाम्पत्य जीवनमा परिणत गर्ने उनको प्रस्ताव रह्यो । नेपाल आएर मेरो पारिवारिक स्थितिको जानकारी राम्ररी गरी मेरा बाबुआमा दाजुभाइ दिदीबहिनीहरुसँग उनको राम्रो सम्बन्ध भइसकेको कारण मैले उनको त्यो प्रस्ताव स्वीकार गरेँ । त्यहाँको बसाइ अवधिबारे हाम्रो दाम्पत्य जीवनलाई नेपालमा कसरी ब्यवस्थित गर्ने भन्नेबारे हामीले राम्रो सोचविचार गरी त्यहीअनुरुप मे महिनामा काठमाडौंमा नै हाम्रो विवाह हुने निधो गरी म नेपाल फर्कें । त्यसपछि हामी दुवै त्यसैको तैयारीमा लाग्यौं ।

यसबीच फेब्रुअरी महिनाको दोस्रो हप्तामा काठमाडौंस्थित जर्मन दुतावासले मलाई बोलाई मे महिनाको पहिलो हप्तामा पहिलेको पूर्वजर्मनीको एक शहर ड्रेसडेनमा अन्तर्राष्ट्रिय विकाशका लागि जर्मन संस्था (डिएसआई) ले त्यसको छात्रवृत्तिमा स्पायर विश्वविद्यालयबाट प्रशासन विज्ञानमा स्नातकोत्तर गरेका सबै पूर्वविद्यार्थीहरुलाई बोलाइ एक अनुगमन सेमिनार गर्न लागेको र त्यस सेमिनारमा भाग लिन मलाई पनि निम्ता दिएको कारण जान मिल्ने कि नमिल्ने भनी सोध्यो ।

यसै त विवाहको क्रममा मोनिकालाई लिन आफ्नै खर्चमा जर्मनी जानुपर्नेमा झन् त्यसमाथि हवाईटिकट र भत्तासहित सेमिनारमै भाग लिन जान पाउने एक पन्थ दोकाजको मौका चुकाउने कुरा पनि नभएको हुँदा मैले भाग लिने स्वीकृति पत्रमा हस्ताक्षर गरी घर आइ त्यसको जानकारी मोनिकालाई दिएँ । उनी पनि औधि खुसी भइन् ।

कार्यक्रमअनुसार हामी मे ३ तारिखमा बर्लिन पुग्यौं । त्यहाँबाट बस लिई एकदिन पोट्सडाम भन्ने शहरमा बसेर अर्को दिन ड्रेसडेन लगी सेमिनारमा भाग लिन लगाउने रहेछ । त्यही पोट्सडाम शहरमा जर्मन (प्रसिया) का सम्राट फ्रेडरिक महानको गृष्म दरबार पनि रहेछ । सेमिनार शुरु गर्न ड्रेसडेनतर्फ लानुअघि त्यो दरबार हामीलाई अवलोकन गराउने कार्यक्रम रहेछ । यसअनुसार बर्लिनमा ब्रेकफाष्ट गरी बसबाट नजिकैको शहर पोट्सडाम पुग्यौं । त्यहाँ पुग्दा बिहानको १० जति बजेको थियो र हामी सोझै उक्त सान्ससौची दरबार र त्यसको बगैंचा अवलोकन गर्नतर्फ लाग्यौं ।

**सान्ससौची दरबार**

यो दरबार फ्रान्सका सम्राटको विश्वविख्यात भर्साइको दरबार र त्यसको बगैंचालाई सुन्दरता र शैलीमा माथ गर्ने अभिप्रायले बनाइएको रहेछ । किनकि त्यतिखेर युरोपेली देशका राजाहरुबीच दरबार बनाउने प्रतिष्पर्धा नै हुने गर्दथ्यो । रोकोको शैलीमा बनाइएको यस दरबार र बगैंचा बनाइसक्दा भर्साईको जस्तो विशाल भने हुन सकेको रहेनछ । यस दरबारको डिजाइन गिओर्ग भेन्चेस्लाउसले सन १७४५ र ४७ को बीचमा गरेका रहेछन् । बर्लिनको कोलाहलबाट बाहिर लगी सम्राटलाई आनन्द (रिलाक्स) दिलाउने अभिप्रायले यो दरबारको परिकल्पना गरिएको रहेछ । फ्रेन्च भाषामा सान्स सौची भनेको अंग्रेजी भाषामा Without worry भन्ने बुझिन्छ । सम्राटले राज्य संचालनको चिन्तालाई बर्लिनमै छोडी त्यहाँ आनन्दले विहार गर्न आउने कारण त्यस दरबारको नाम San Souci राखिएको रहेछ । भर्साइको दरवार जस्तै देखिने एकतले यस दरवारमा जम्मा दशवटा मुख्य कोठाहरु रहेछन् र यो दरवार वंगैचाको वीचमा वनेको रहेछ । सम्राट फ्रेडरिख ब्यक्तिगत शौखले दरवारको वास्तुशैलीनै प्रभावित भएकोले त्यसैले यस वास्तुशैलीको नामाकरण पनि फ्रेडेरिसन रोकोको शैली भएको भन्दा रहेछन् । उनी आफनो ब्यक्तिगत वास्तु शैली प्रति यति मोहित रहेछनकी यसै दरवारमा मृत्यु हुन पाए हुन्थ्यो भन्ने उन्को चाहना रहेछ । पछि फ्रेडरिख विलियम चौथोले यस दरवारलाईनै आफनो निवास वनाएका रहेछन जस्को लागि उन्ले वास्तुविद लुडभिग पर्सियस लाई लगाइ दरवारको जिणोध्दार र विस्तार गरेका रहेछन् र पछि सन १९१८ सम्मे यो दरवार जर्मन शाही परिवारको अति मनपर्ने निवाश भित्र पर्दो रहेछ ।


दोश्रो विश्वयुध्द पश्चात भने यो दरवार विश्व पर्यटकीय आर्कषणको केन्द्र वन्न पुगेको रहेछ र वार्षिक २० लाख पर्यटकहरु यस दरवार र यसको वगैंचा अवलोकन गर्न आउदा रहेछन् । अंगुरै अंगुरको बोट माथि ठडिएको जस्तो देखिने यो दरवारले मानिस र प्रकृति वीचको सुमधुर सम्वन्धको झल्को दिन्छ भन्दा रहेछन् । यस सान्ससौची दरवार वनेको २० वर्ष पछि यसैको पछाडि बारोक शैली अर्को विशाल दरवार बनाइएको रहेछ जस्को मुख्य उध्देश्य सम्राट फ्रेडरिखको विश्व शक्ति प्रदर्शन गर्नु रहेको थियो भनिदो रहेछ । यो विशाल दरवार फ्रान्सको भर्साइको दरवार भन्दा केहि कम छैन भन्ने प्रभाव देखाउन वनाइएको भएता पनि सम्राट भने यस दरवारमा विशेष उत्सवको वेलामा वाहेक अरु वेला कहिले पनि वसेनन भन्दा रहेछन् । दरवारको पूर्वमा रहेको पार्कमा तस्विरहरुको एउटा आर्ट ग्यालेरि रहेछ जस्को निर्माण सन १७५५ र १७६४ को वीचमा भएको रहेछ जस्को डिजाइन वास्तुविद जोहान गोटफ्रिडले गरेका रहेछन् । यो ग्यालेरि कुनै पनि जर्मन सम्राटले बनाएको सबै भन्दा पुरानो ग्यालेरिमा गनिदो रहेछ । दरवार भित्र पस्ने वित्तिकै प्रवेश हल र मार्वल हल गरी दुइ विशाल कक्ष रहेछन ।

प्रवेशहलमा विशेष अवशरमा पाहुनाहरुको जमघट हुदो रहेछ । बारोक शैलीमा निर्माण भएको गजुर मुनीको अण्डाकार मार्वल हललाई भने पाहुनाहरुको स्वागतकक्षको रुपमा प्रयोग गरिएको रहेछ यसै मार्वल हलसंग जोडिएको ५ वटा पाहुना कक्ष पश्चिम तर्फ रहेछ भने सम्राटको कक्ष भने पूर्व तिर रहेछ जसमा बैठक कक्ष, संगीत कक्ष, सुत्ने कोठा, २१०० ग्रिस, रोमन र फ्रेन्च भाषाका पुस्तकको संग्रह भएको एक पुस्तकालय र उत्तर तर्फ लामो ग्यालेरि रहेछ ।

ग्यालेरिको भित्ताका खोपाहरुमा सिहंमरमरले वनेको ग्रिस रोमन देवताहरुको मूर्तिहरु रहेछन । त्यस्को ठीक अर्को पट्टिको भित्तामा निकोलास लान्क्रेट लगायतका विभिन्न प्रख्यात कालाकार हरुको पेन्टिंग झुण्डाइएको रहेछ । पश्चिम तिरको पाहुना कक्षमा रोथेनवेर्गका काउन्ट र महान फ्रेन्च दार्शनिक भोल्टेयर पनि आएर सुतेका हुंदा उनीहरुकै नामबाट यी कक्षहरुको नाम राखिएको रहेछ । यी कक्षहरु काष्ठकला तथा विभिन्न पंक्षि र फलफुलका चित्रहरुले ज्यादै सुन्दर तरिकाबाट सिंगारिएका रहेछन् ।

# २६. डा. रायमाझीहरूसँग सम्पर्क हुनु :

डा. केशरजंग रायमाझी, डीपी अधिकारी र एस कमरशाह काठमाडौं आइसकेका रहेछन् तर हामीहरुलाई विल्कुलै थाहा थिएन। पछि डा.रायमाझी पक्राउ परे तर पक्राउ परेको केही दिनपछि नै रिहा गरिए भन्ने खबर सुनियो । डीपी अधिकारी र एसकमर शाह पनि काठमाडौंमै छन् भन्ने थाहा भयो । पार्टीको हेडक्वाटर सञ्चालन गर्नका लागि उनीहरुसँग घेट्नु जरुरी थियो । तर सम्पर्कको माध्यम बनिसकेकाले तत्काल भेट गर्न सकिएन। सम्पर्क कायम भएपछि उनीहरुसँग मेरो पहिलो भेट भोटाहिटीबाट वीर अस्पताल छिर्ने गल्लीस्थित एस कमर शाहका काकाहरुको (सायद एस कमर शाहकै पनि) घरमा भयो । डा.केशरजंगसँग भेट हुने बित्तिकै मैले उनीसँग 'कसरी पक्राउ परे र के, कसरी तुरुन्तै रिहा गरिए ?' भनी सोधेँ र 'यस सम्बन्धमा पत्रपत्रिकाहरुमा स्पष्टीकरण प्रकाशित गराउनुपर्छ' भनेर माग पनि गरेँ । मेरो यो प्रश्न सुनेपछि उनी एकदमै अकमकाए। केही पनि बोलेनन्। केही बेरपछि कुरा घुमाउँदै, छल्दै उनले भन्न थाले,- 'कमरेड, सोभियत पार्टीले मलाई मस्कोमा बोलाएको छ । मैले पासपोर्ट पनि लिइसकेको छु । एक डेढ महिनापछि फर्कनेछु ।' उनको यो कुरा मलाई एकदमै राम्रो लागेन । त्यो सुनेपछि रिसै पनि उठ्यो र आश्चर्य पनि लाग्यो । मास्को जानुअघि उनले मलाई एकपटक राजासँग भेट गर्ने सुझाव दिए । उनको सुझावको उत्तर दिँदै मैले भनेँ- 'राजासँग भेट गर्नुमा मलाई कुनै आपत्ति छैन र हुनु पनि हुँदैन । भेट्नु पनि पर्छ । तर देशको मौजुदा स्थितिमा र शाही सैनिक 'कु' विरुद्ध दरभंगा प्लेनमले देशव्यापी संघर्ष छेड्न निर्णय गरेको अवस्थामा मैले राजासँग के कुरा गर्ने। कुरा गर्ने विषय नै छैन। मैले 'भेट्छु अथवा भेट्दिनँ' भनी केही भनिनँ। तैपनि उनले राजासँग भेटने समय मिलाएर मलाई खबर गरे । तर मैले केही बोलिन र राजदरबार गइन। यसले राजालाई नराम्रो लागेछ क्यारे। नराम्रो लाग्नु स्वाभाविक पनि हो। त्यस




समय मैले त्यस कुराको महसुस नै

■ शम्भुराम श्रेष्ठ

गरिन, यद्यपि त्यसमा मेरो दोष थिएन। महेन्द्रले उक्त घटनालाई धेरै पछिसम्म पनि बिर्सेका रहेनछन्, जसलाई एउटा घटनाको सिलसिलामा मैले अनुभव गरेँ।

एक दुई हप्तापछि डा. रायमाझी सोभियत संघ गए। त्यहाँ उनले २०१७ साल पुस १ गतेको काण्डबारे सोभियत कम्युनिस्ट पार्टीको केन्द्रीय नेतृत्वलाई समेत गुमराह गरी चेकोस्लोभाकियाको राजधानी प्रागबाट प्रकाशित हुने विश्व कम्युनिस्ट आन्दोलनको मुख पत्रमा उक्त काण्ड एउटा आवश्यक एवं प्रगतिशील कदम हो भनी दाबी गर्दै लेख प्रकाशित गराए । समय बित्दै गएपछि सोभियत पार्टीको नेतृत्वलाई डा.केशरजंग रायमाझीको प्रतिक्रियावादी क्रियाकलापबारे थाहा हुँदै गयो र अनि उनीहरुले माझीसितको सम्बन्ध विच्छेद गरिदिए।


**२७. तृतीय महाधिवेशनको सम्बन्धमा**

डेन बदल्दै जाने क्रममा एक दिन म काठमाडौं भोसिको टोलस्थित नानीमैया कामरेडको घरमा थिएँ। अचानक का.मनमोहन अधिकारीको भाइ, भरतमोहन टुप्लुक्क त्यहाँ आइपुग्यो। आश्चर्य मान्दै मैले भनें- भरत, कताबाट ? घरबाटै आउनु भएको हो ? विराटनगरको हालखबर के छ ?' म घरबाट आएको होइन, बनारसबाट पुष्पलाल र तुलसीलाल कामरेडहरुले पार्टी हेडक्वाटरलाई लेख्नुभएको चिठी लिएर आएको हुँ।' भनी भरतले चिठी मलाई दिए । चिठी पार्टीको तृतीय महाधिवेशन बोलाउने सम्बन्धमा दुई महिनाको समय (म्याद) दिई लेखिएको अल्टिमेटम पत्र रहेछ। मैले उक्त चिठी पढेँ र त्यसको उत्तर लिन भरतमोहनलाई पर्सि त्यही घरमा आउनोस् भनेँ। पार्टीको विधानअनुसार पार्टीको एक तिहाई सदस्यहरुले संयुक्त रुपले हस्ताक्षर गरेर अथवा तिनीहरुलाई प्रतिनिधित्व गर्ने पार्टीका जिल्ला कमिटीहरुले पार्टी केन्द्रीय कमिटीसँग माग गरेको खण्डमा केन्द्रीय कमिटीले महाधिवेशन बोलाइ दिनुपर्छ र नबोलाएमा ती जिल्ला कमिटीहरु स्वयंले तयारी समिति गठन गरी महाधिवेशनको आयोजना गर्न सक्नेछन। तर पुष्पलाल र तुलसीलालले लेखिपठाएको अल्टिमेटम पत्र त्यसअनुसार लेखिएको पत्र थिएन र त्यस समय भारतको बनारस नगरीमा उपस्थित ८।१० जना पार्टी सदस्यहरु र समर्थकहरुको चाहनाअनुसार लेखिएको पत्र थियो। जसलाई मान्यता दिनुपर्ने कुनै आधार नै थिएन। पार्टीका कार्यकर्ताहरुलाई पक्राउ पर्नबाट जोगिनु पनि असम्भव नै नभए तापनि झन्डै असम्भव जस्तो भइरहेको कठिन स्थितिमा जिल्ला कमिटीहरुका बैठकहरु नहुने कुरा स्पष्ट नै छ। अर्को कुरा विधि पुऱ्याएर लेखिएको भए तापनि उक्त, अल्टिमेटम पत्र पार्टीको केन्द्रीय कमिटीलाई लेखिएको हुनुपर्थ्यो, न कि पार्टी हेडक्वाटरलाई । पार्टी हेडक्वाटर भनेको त केन्द्रीय कमिटीका निर्णयहरुलाई कार्यान्वयन गर्ने कार्यालय मात्र हो। त्यसकारण उक्त अल्टिमेटम पत्रबारे निर्णय गर्ने पार्टी हेडक्वाटरलाई कुनै अधिकार छैन। यति त कामरेडहरु पुष्पलाल र तुलसीलाल जस्ता बुज्रुक नेताहरुले बुझनुपर्ने कुरा हो।

जहाँसम्म तृतीय महाधिवेशन बोलाउने कुराको सम्बन्ध छ, १० महिनामा गर्ने भनेर दरभंगा प्लेनमले निर्णय गरिसकेकै थियो। यस सवाललाई लिएर पार्टी हेडक्वाटरलाई अल्टिमेटम दिइरहनुपर्ने आवश्यकता नै थिएन । हतार हतारमा गरिएको निर्णय भएकाले त्यो अपूर्ण थियो। त्यसलाई पूर्ण गराउनु मात्र परेको थियो। भनाइको तात्पर्य के हो भने दरभंगा प्लेनमले १० महिनामा तृतीय महाधिवेशन गर्ने भन्ने मात्र निर्णय गऱ्यो तर कहिले र कहाँ गर्ने र पार्टीको कुल सदस्य संख्याको कुन अनुपातमा प्रान्तीय सम्मेलनहरुको आयोजना गराई महाधिवेशनका प्रतिनिधिहरु निर्वाचन गराउने र महाधिवेशनमा पेस गरिने र तलदेखि छलफल गराई आम सदस्यहरुका त्यस बारेका रायहरु ल्याउनुपर्ने राजनीतिक दस्तावेज तयार गर्ने जस्ता अधारभूत कुराहरुबारे ठोस निर्णय गरेको थिएन र गर्न बाँकी नै थियो । पार्टी केन्द्रीय कमिटीले मात्र ती कामहरु गर्न सक्ने भएकाले कामरेडहरु पुष्पलाल र तुलसीलाल पार्टीको पोलिटब्युरो सदस्यहरुसमेत भएकाले उहाँहरुले केन्द्रीय कमिटीको बैठक बोलाउनमा पार्टी हेडक्वाटरलाई सहयोग गर्नुपर्थ्यो तर यस काममा पार्टी हेडक्वाटरलाई सहयोग गर्न त के उल्टै उहाँहरुले गैरजिम्मेवार ऐरेगैरेहरुको उक्साइ तथा लहैलहैमा लागेर आफूहरुलाई पार्टीलाई भाँड्ने फुटाउने काममा लगाए। यस्तो काम कुरा गर्ने थलोलाई नै भन्छन्- 'अल्छी मानिसहरुको मस्तिष्क दुष्टको ज्यासल हुन्छ । यस्तै काम कुरा गर्नेहरुको जमात भएको हुनाले नै अन्तिम राणा शासकहरुको कमजोरीबाट फाइदा उठाउँदै अंग्रेज साम्राज्यवादबाट पाएको अपुतालीको रुपमा नेपालमा अर्ध औपनिवेशिक रजाइँ गरिरहेको भारतीय विस्तारवादको आर्थिक एवं हात हतियारको सहायताले र त्यसकै निर्देशनमा नेपाली कांग्रेसले शाही सैनिक 'कु' विरुद्ध सशस्त्र संघर्ष छेड्यो। त्यसको लगत्तै बनारसमा जमघट भएको पुष्पलाल र तुलसीलालहरुको जमातले खुद आफैंले उक्त सशस्त्र संघर्ष छेडेझैं गरी 'क्रान्ति सुरु भइसकेको छ, अब बल रावदरबारमा छ ।' भन्ने प्रेस वक्तव्य जारी गऱ्यो । पर्सिपल्ट यही बेहोराको जवाफी पत्र लेखेर भरतमोहनको हातबाट बनारस पठाएँ।' *(क्रमशः)*

## स्वास्थ्य

# धेरै रोगको औषधी सिस्नु



सिस्नु के हो ? यस विषयमा सवैलाई थाहा भए पनि फाइदाका विषयमा सवैलाई थाहा नहुन सक्छ । सिन्नुमा पाइने विभिन्न भिटामिनले मानव स्वास्थ्यलाई निकै फाइदा पुर्याउने गर्छ।

सिस्नोको महत्वबारे बुझेकै कारण अहिले शहरका ठूला-ठूला डिपार्टमेण्ट स्टोर, तारे होटल, रेष्टुँराहरूमा महँङ्गो खानाको परिकारमध्येमा पर्न थालेको छ .

**सिस्नोका फाइदाहरू**

१. शरीरका अङ्गहरूमा अनेक कारणले भएको दुखाईमा सिस्नोको सेवनले आराम दिन्छ। त्यस्तै हड्डी र जोर्नीको दुखाई तथा शरीरमा आएका बिबिराहरु हटाउनमा समेत यसको भूमिका रहन्छ।

२. महिलाहरुका लागि सिस्नो एकदमै उपायोगी हुन्छ किनभने यसमा पर्याप्त फलाम तत्त्व हुन्छ जसले रक्तअल्पता र कमजोरी हटाउन सहयोग गर्छ। यसले कलेजो र महिलाको हर्मोनको संरक्षण गर्न सहयोग पु(याउँछ।

३. यतिमात्र होइन यसले गर्भिणी महिलाको पेटको बच्चालाई मजबुत पार्न र रक्तश्राव रोक्नस हयोग गर्छ। त्यति मात्र कहाँ हो र ? यसले त महिलाको दूध उत्पादन र छिटै रजनोवृत्ति हुनबाट समेत रोक्छ । सिस्नोलाई 'हर्बल टनिक्स'हरुमा महिलाहरूको योनीमा आउने बिबिरा हटाउन र मासिक धर्म नियमत होस् भन्ने प्रयोजनका लागि समेत प्रयोग गर्ने गरिन्छ।

४. कपाल झर्ने समस्याहरुमा र छालाको रोगमा समेत यो उत्तिकै उपयोगी हुन्छ। डन्डीफोरको समस्या हटाउन र टाउकोको छालामा हुने अन्य समस्या हटाउन यो वनष्पति उपयोगी छ।

५. पाचनमा सिस्नो लाभदायक हुन्छ । रुघाका कारण घाँटी बसेको अवस्थामा, गुद्धद्वार सुन्निँदा, नाथ्री फुट्दा र मुख दुख्ने रोगमा पनि सिस्नुको सेवन लाभदायक हुन्छ।

६. त्यस्तै मुत्रनलीमा हुने अवरोध हटाउनमा पनि सिस्नो सहायक रहन्छ।

७. बर्खे ज्वरोमा समेत सिस्नोको सेवनले लाभ पु(याउँछ । यसका लागि सिस्नोको सुप उपयोगी हुने डाक्टरहरुको सल्लाह छ।

८. अपचमा पनि सिस्नो सेवन लाभकारी छ। यसमा रहेको रेसाले आन्द्रामा अड्केका बिकारलाई सहजै तानेर मलद्वारतर्फ खिच्छ।

९. सिस्नोमा पोषणको भीषण योग हुन्छ। भिटामिन, मिनरल, बेटा कारोटेन, पोटासियम, आइरन, क्लोरोफिल र जिङ्क यसमा भएका हुनाले शरीरमा लाग्ने धेरै प्रकारका रोगहरुसँग सिस्नो सधैं नै सो भिडिरहेको हुन्छ।

**सिस्नोमा के के पाइन्छ ?**

रायोको सागमा ३ सय ५० आई.यू.भिटामिन मात्रै पाइन्छ भने सिस्नोमा १२ सय आई. यू. भिटामिन ए, र भिटामिन सी अत्यधिक रुपमा पाइन्छ । तस्तै आइरन, फमिक एसिडलगायतका अन्य तत्वहरु पनि यसमा पाइन्छन् । भिटामिन पाइने अन्य तत्वहरु भन्दा सिस्नोमा सबभन्दा बढी भिटामिन हुन्छ।

सिस्नोको नियमित प्रयोगबाट किड्नीको समस्या, पिसाब पोल्ने, दम, बाथ रोग, डाइटब्यालेन्सलगायत रगत उत्पादन गर्ने, रगतमा हेमोग्लोबिनको मात्रा बढाउने काम गर्छ। यसका साथै सिस्नोको मेहन्दी बनाएर कपालमा लगाउँदा कपाल झर्नबाट रोक्छ भने कपालको चाँया पनि हटाउँछ।

महिनावारी अनियमीत हुने ग्यास्ट्रिक, स्त्रीरोग, बाथ, खाना नरुच्ने, मधुमेह, उच्च रक्तचाप, सुगर, जण्डिस, प्यारालाइसिस, पथरी, ग्याष्टिक, बाथ, अल्सर, कब्जियत, पायल्स, मधुमेह, जुका, युरिक एसिड, मुत्ररोगी, रक्तअल्पता, नपुसंकता, बाझोपन भएका बिरामीलाई उपयोगी मानिन्छ।

त्यसैगरी पुरुषको शुक्रकिट उत्पादन, भाँचिएको र मर्केको हाडहरुलाई जोडन, आँखालाई तेजिलो र अनुहारलाई चम्किलो, शरिरलाई फुर्तिलो, छरितो र आकर्षक बनाउन, ढाँड दुख्ने, घुँडा र जोर्नी दुखेको, झस्को पसेको, सर्को पसि सोला हान्ने जस्ता रोग निको पार्न सिस्नोको पाउडर प्रयोग हुने गरेको छ।

यसलाई झोल बनाएर खाना सँगै प्रयोग गर्न पनि सकिन्छ र उमालेर खान सकिन्छ। यसमा हुने रौ जस्तो झुसमा हुने फर्मिक अम्लले पोल्ने र हिस्टामाइनले सुन्निने भएकोले पीडादायक हुन्छ तर पानीमा उमालेपछि ती तत्वहरू नास भएर जान्छन्।

यसको सोहि दुर्गुणको कारण पहिले पहिले यातना दिन तथा सजाय दिन यसको प्रयोग गरिन्थ्यो। यसमा हुने भिटामिन ए, भिटामिन सी, भिटामिन डी लौहतत्व, पोटासियम, म्यागानिज, क्याल्सियम जस्ता पौष्टिक पदार्थको कारण उत्तरी तथा पूर्वी युरोपमा यसको झोल लामो समयदेखि प्रचलित रहेको छ। यसमा २५५ सम्म प्रोटिन हुन्छ त्यसैले यो शाकाहारीहरूको लागि अति उत्तम भोजन हो।

**सिस्नोको प्रयोग गर्ने विधि**

१० ग्राम सिस्नोको धुलोलाई २ सय मिलिलिटर तातो पानीमा मिसाएर रातभरि भिजाएर छोडिदिने र बिहान खाली पेटमा खाने। यसरी नियमित रुपमा प्रयोग गर्दा छोटो समयमै यसबाट फाईदा लिन सकिन्छ।

मानिस स्वस्थ रहनका लागि पनि भित्री पेटको सफाई अनिवार्य हुन्छ यसको लागि सिस्नो भन्दा उत्तम विकल्प अरु केही हुन सक्दैन । शरिरका भित्री अंगहरुको सफाइ गर्ने उपाय सजिलो छ। तर हामी कतिले थाहा पाएर पनि त्यो उपाय प्रयोग गरेका छैनौं।

शरिरका बाहिरी अंगको सफाइका लागि पानी, श्याम्पु र साबुनले नुहाए जस्तै भित्री अंगको सफाइका लागि सिस्नु खानु पर्ने वैज्ञानिकहरुले बताएका छन्न्। हामीले हप्तामा एक पटक पानीले नुहाए जस्तै गरी नियमित रुपमा हप्तामा एकपटक सिस्नु खाने गऱ्यौं भने शरिरका भित्री अंग पनि सफा हुने नेपालका कृषि बैज्ञानिकहरुले पत्ता लगाएका छन्।


हप्ताको एकपटक सिस्नु खानाले पेटमा रहेका सबै बिकार दिसाको माध्यमबाट बाहिर जाने तथा दिसाको थैलो सफा हुने कृषि बिज्ञहरु बताउछन्। हप्तामा एकपटक सिस्नु खाने मान्छेसँग जुनसुकै प्रकारका रोगहरुसँग लड्ने क्षमता पनि बढी हुन्छ। सामान्यतया यस्ता मान्छेलाई कुनै पनि रोगले छुँदैन।

बहुगुण भएको यो सिस्नो हाम्रो पहाडी क्षेत्रका गाँउ घरका वारीका कान्लामा पाईने हुँदा घरमा यसलाई सागको रुपमा पनि प्रयोग गर्न सकिन्छ। हामीले खाने सागहरु मध्ये सिस्नु पनि एक उत्कृष्ट सागमा पर्छ। यस्ता अमूल्य जडीवुटीहरु हाम्रौ घर आंगनमा भएता पनि यसको प्रयोग कसरी र केमा आउछ भन्ने थाहा नहुँदा हामी यस्ता खालका जडीवुटीलाई काटेर त्यसै नष्ट गर्ने र घर पालुवा चौपायको लागी खोले, सोत्तर, घाँस जस्ता कार्यमा प्रयोग गरी रहेका छौ ।

# ज्युरिचः तीन दिनको सफर, दुई रातको अनुभव-५

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**



उनको शारीरिक बनोट पनि बडो विभेदपूर्ण भए पनि आकर्षणयुक्त नै थियो- ओठ बाक्लो, नाक थेप्चो, बानरनीको जस्तो । मभन्दा अग्ली, सलक्क परेकी, छातीमा दुईओटा स्याउ टाँसेकी जस्तो देखिने तथा टाउकोका रौं बाइबाबाको जस्तो । आखिरमा हामीमा बोलचाल भयो- सर्वप्रथम मैले उनको आकर्षक रौंको सजावटको प्रशंसा गरेँ । मेरो प्रशंसामा मक्ख परेकी केन्याकी ती केटी अमेरिकामा बसोबास गर्ने रहिछन्।

कोलम्बिया विश्वविद्यालयबाट स्नातकसम्म भइसकेकी उनको नाम विनिफ्रेड रहेछ । कुरैकुरामा विनिफ्रेडले मेरो कालो केशको बढी तारिफ गरिन् । मेरो जिङरिङ्ग पारी पालेको कालो केशको एक-दुई जना जर्मन केटीहरूले पनि 'स्योने हार' (सुन्दर रौं) भनी तारिफ गरेको मलाई पहिल्यै अनुभव भइसकेको थियो। पछि थाहा भयो ती विनिफ्रेडको राम्रो केश त नक्कली रहेछ।

मलाई पहिले भने नेग्रोहरू सबै गरिब हुन्छन् भन्ने लाग्थ्यो तर विनिफ्रेडको सम्पन्नता देख्दा अमेरिकन नेग्रोहरूको केही झाँकी पाएजस्तो लाग्यो । विनिफ्रेड बराबर 'गोरा' (ह्वाइट) हरूको गुनासो गर्दी रहिछिन् सायद अमेरिकामा गोराहरूसँगको कटु अनुभव सम्झेर होला । उनीबाटै



थाहा पाएँ सेता छाला (ह्वाइट म्यान) हरूलाई हब्सीहरू 'हङ्की' भन्दा रहेछन्। तिनीहरू आफ्नो जातिलाई नेग्रोको सट्टा काला नै भन्न रुचाउँदा रहेछन् र त्यसैमा गौरव ठान्दा रहेछन्।

विनिफ्रेडसँग भएको कुराकानीको क्रममा आआफ्ना घरायसी कुराहरू पनि भए। आफू विवाहिता भइसकेकी तथा बालबच्चासमेत भइसकेको जानकारी दिँदै उनले खुलस्त आफ्नो दुई जनासम्म लोग्ने भइसकेको र अहिले फेरि कुमारी नै बनेकी बताइन्। तिनको त्यो रूपरङ्ग तथा परिवेशको विचार गरी हेर्दा तिनले तेस्रो पोइ पनि सजिलैसँग पाउनेछिन् भन्ने मलाई लाग्यो। अमेरिकामा 'डिभोर्स' (पतिपत्नीको सम्बन्धविच्छेद) प्रचुर मात्रामा हुने हुँदा त्यहाँको सामाजिक जीवन निकै खल्लो हुने कुरा पहिले सुनेको मात्र थिएँ र अहिले विनिफ्रेडसँगको कुराकानीले यो कुरालाई पुष्टि गऱ्यो । साँच्चै विनिफ्रेडसँगको त्यो केही क्षणको भेटघाटले हामी दुईमा एक किसिमको मित्रता बस्न पुग्यो र करिब डेढ-दुई वर्षपछिसम्म पनि यो मित्रता पत्रव्यवहारमा राम्ररी विकसित भयो। मलाई लाग्यो- उनी काली भएर नै मजस्तो कैलोसँग आफ्नै जमातका जातिजस्तै गरी राम्रो व्यवहार गरेकी होली। साँच्चै यो ब्रह्माण्डमा प्राकृतिक बनोटको कारणले पनि मानिसलाई गरिने व्यवहारमा निकै अभेद तथा विभेद हुँदो रहेछ।

**हिँड् भाइ, बाह्र पनि बजेको छैन**

कफी पिउँदै विनिफ्रेडसँग गरेको वार्तालापले मलाई केही आराम भएजस्तो भए पनि वास्तविकता अर्कै थियो । मलाई 'बाथरुम' जानुपर्ने जस्तो भयो, अतः उनीसँग बिदाबारी हुँदै ठाडै आफ्नो कोठामा पुगेँ । अब मेरो दयनीय अवस्था छचल्कन थाल्यो । मलाई छिनछिनै बाथरुम जानुपर्ने तथा जीउ पनि भारी हुँदै गएको र तागत टुटेको महसुस हुँदै गयो । जीउ झन्झन् सिरिङ्ङसिरिङ्ङ गर्न थाल्यो, पेट पनि दुख्न थाल्यो। पछि पूरै विश्वास भयो- मलाई ज्वर मात्र आएको होइन 'डिसेन्ट्री' समेत भएछ । परेन फसाद ! म त एक किसिमले नर्भसजस्तो भएँ। झन् अस्ति राति बाटो भुलेर हराएको कटु अनुभवले मनमा त्रास लाग्दै थियो- 'अगुल्टोले हानेको कुकुर बिजुलीदेखि तर्सन्छ' भनेजस्तै भइरहेको थियो। त्यसमाथि बिरानो ठाउँ, आफूले चिनेजानेको कोही नभएको, आफूसँग पैसा पनि प्रशस्त नहुँदा त्यस महँगो होटेलमा धेरै दिनसम्म बस्न सक्ने स्थिति थिएन। कतै थला परियो भने के गर्ने ! भन्ने त्रासले मन झन्झन् आत्तिन थाल्यो।

त्यस बेला करिब डेढ-दुई घण्टासम्म शारीरिक कष्टको साथसाथै मानसिक ताडना पनि पाएँ । आखिर फैसला गरेँ, 'हिँड् भाइ, बाह्र पनि बजेको छैन, अहिले होटेल छोडे आजको बहाल पनि बच्छ र एक-डेढ घण्टापछि अर्थात् एक बजेको ट्रेन समात्न सकेमा बेलुका फ्याङ्कफर्ट पुगिहालिन्छ ।' 'दिन आएको देखिन्छ, दशा आएको देखिँदैन' भन्ने उखानले मलाई झन् हतोत्साह पारेको थियो। अतः आफ्नो निर्णयमा अडिग भएर सरासर जर्मनी फर्कने बाटो लिएँ। केही घण्टामै छिटो गुड्ने रेलमा सफर गर्न पुगेँ- मनमा रमाइलो अनुभव गर्दै मानौं म आफ्नै देशतिर फर्किरहेको थिएँ।

# नागरिकता संशोधनविरूद्ध भारतमा आन्दोलन



विष्णु भट्टराई

नागरिकता संशोधन ऐन र राष्ट्रिय नागरिक पञ्जीकरण (एनआरसी) लाई लिएर विवाद र विरोध कायमै रहेका बेला नरेन्द्र मोदी नेतृत्वको सरकारले राष्ट्रिय जनसंख्या पञ्जीकरण (एनपीआर) सर्वेक्षण गर्ने भएको छ । मंगलबार बसेको मोदी मन्त्रिपरिषद्को बैठकले त्यससम्बन्धी निर्णय लिएको हो ।

एनपीआर भारतमा बसोबास गर्नेहरुको सूची हो। यसमा कुनै एक स्थानमा विगत ६ महिनादेखि बस्दै आएका वा आगामी ६ महिनासम्म त्यही बस्ने सम्भावना भएका व्यक्तिहरुको अभिलेख राखिने बताइएको छ। यसअघि सन् २०१० पनि एनपीआरका लागि तथ्यांक संकलन गरिएको थियो। त्यसपछि सन् २०१५ मा घरधुरी सर्वेक्षणमार्फत त्यसलाई अद्यावधिक गरिएको थियो। एनपीआरअन्तर्गत कुनै एउटा ठाउँमा ६ महिनादेखि बस्दै आएका विदेशी नागरिक अनिवार्य रूपमा सूचीकृत हुनुपर्नेछ। यसको मुख्य उद्देश्य भनेको भारतमा बस्दै आएका नागरिकको अभिलेख राख्नु हो ।

भारतमा सन् २०२१ मा राष्ट्रिय जनगणना पनि हुँदै छ। त्यसलाई सहयोग पुग्ने गरी एनपीआर सर्वेक्षण गर्न लागिएको हो। एनपीआर र जनगणनाका लागि १३० अर्ब भारु विनियोजन गरिएको छ। जसमध्ये एनपीआरका लागि ३९ अर्ब ४१ करोड भारुभन्दा बढी खर्च गरिनेछ।

मोदी सरकारले यसपटक नागरिकता संशोधन कानुन र एनआरसीआरको जस्तै विरोध नहोस् भनेर एनपीआरको सन्दर्भमा विशेष सावधानी अपनाएको देखिन्छ। सरकारले एनपीआरका लागि कुनै पनि कागजात नचाहिने पहिले नै प्रस्ट पारेको छ। सरकारले एनपीआरका लागि कुनै पनि दस्तावेज र बायोमेट्रिक प्रमाण नचाहिने बताएको छ। एनपीआरका लागि एक विशेष प्रकारको एपको प्रयोग गरिने भएको छ। पत्रकार सम्मेलनमा मन्त्री जावेदकरले सर्वेक्षणका क्रममा नागरिकले दिने विवरणलाई नै आधार बनाइने जनाएका छन्। असममा जन्ममिति र अन्य सरकारी कागजातहरु बुझाउन नसकेका कारण लाखौं नागरिक एनआरसीको सूचीमा छुटेकाले त्यसको चर्को विरोध हुँदै आएको छ। असममा मात्र करिब २० लाख मानिस त्यो सूचीमा परेनन्। त्यसमध्ये करिब सवा लाख नेपाली भाषी भारतीयहरुसमेत छन्। जसले गर्दा एनआरसीलाई लिएर ठूलो विवाद हुँदै आएको छ। अन्य कतिपय राज्यले त एनआरसीलाई लागू नगर्ने घोषणा नै गरिसकेका छन्।

विगत केही सातायता भारतभर फैलिएको नागरिकता संशोधन कानुनप्रति देखिएको असन्तुष्टिका पछाडि पनि एनआरसीप्रतिको अविश्वास नै हो। भारतीय गृहमन्त्री अमित शाहले प्रायः हरेकजसो सार्वजनिक अभिव्यक्तिमा एनआरसी भारतभर लागू गर्ने बताउँदै आएकाले पनि त्यसलाई लिएर विशेषगरी मुस्लिम समुदाय र विपन्न वर्गले आशंका र चिन्ता प्रकट गर्दै आएको छ। दुई साताअघिदेखि सुरु भएको नागरिकता संशोधन कानुनविरुद्धको आन्दोलनमा हालसम्म २० भन्दा बढीले ज्यान गुमाइसकेका छन् भने सयौं घाइते भएका छन्। सरकारले प्रदर्शनलाई निस्तेज पार्न निषेधाज्ञा लागू गर्नेदेखि मोबाइल, इन्टरनेट सेवा बन्द गर्नेसम्मका रणनीति अपनाउँदै आएको छ । तर, आन्दोलन मथ्थर हुनुको साटो चर्किंदै गएको देखिन्छ । सुरुमा निश्चित समुदाय र भेगका मानिसहरूले आन्दोलन थालेकामा केही दिनयता विद्यार्थी, राजनीतिज्ञ, कलाकार, अधिकारकर्मी र आम मानिसको समेत त्यसमा उल्लेख्य उपस्थिति देखिँदै छ ।

भारतको संशोधित नागरिकता कानुनले धर्मका आधारमा नागरिकता दिने नयाँ व्यवस्था गरेको छ । पाकिस्तान, अफगानिस्तान र बंगलादेशबाट प्रताडना खेपेर ३१ डिसेम्बर २०१४ भित्र भारतमा शरण लिन आएका हिन्दु, फारसी, जैन, शिख, बौद्ध र इसाई धर्मावलम्बीलाई त्यसरी नागरिकता दिने प्रावधान छ । तर, मुसलमानहरूले भने त्यो सुविधा पाउने छैनन् ।

नागरिकता ऐनको यो प्रावधानप्रति दुइटा पक्षबाट विरोध भइरहेको छ। पहिलो, असम, त्रिपुरालगायत पूर्वोत्तर भारतका बासिन्दाको आक्रोश बंगलादेशबाट आएका सबै हिन्दु शरणार्थीहरूले नागरिकता पाउने प्रावधानसँग सम्बन्धित छ । उनीहरूमा बंगलादेशीहरूको प्रवेशले आफ्नो रोजगारी, संस्कृति र पहिचान मात्र नभएर राजनीतिक हैसियतमाथि समेत प्रहार हुने चिन्ता रहेको पाइन्छ ।

दोस्रो, पछिल्ला दिनमा आन्दोलन देशव्यापी हुँदै जानुका पछाडि मुसलमान समुदायमाथि गरिएको भेदभाव हो । कानुन नै ल्याएर उनीहरूप्रति गरिएको विभेदले मानिसहरूमा ठूलो आक्रोश जन्माएको छ । भारतमा २० करोडभन्दा बढी मुसलमान समुदाय बस्छन् । उनीहरूविरुद्ध लक्षित गरेर ल्याइएको कानुनले भारतीय संविधानको मूल भावनामाथि नै प्रहार गरेको भन्दै विद्यार्थी, नागरिक समाज, कलाकार, लेखक तथा साहित्यकारहरू विरोधमा उत्रिएका हुन् ।





आन्दोलनकारीहरूले नागरिकता कानुन विभेदकारी भएको भन्दै त्यसलाई फिर्ता गर्नुपर्ने माग राखेका छन् । साथै एनआरसी देशव्यापी रूपमा लागू गर्न नहुने पनि उनीहरूको माग छ। उनीहरूले पछिल्लो कानुनले संविधानको भावनाको उल्लंघन गरेको र यदि यो कार्यान्वयनमा आएको खण्डमा भारतीय लोकतन्त्रको बहुलवादी र समावेशी चरित्रमाथि ठूलो प्रहार हुने तर्क गरेका छन् ।

त्यसको प्रमुख कारण भनेको भाजपा नेतृत्वको सरकारले केही वर्षयता लिएका निर्णय र चालेका कदमहरू हुन् । हिन्दुत्वको नारा लिएर सत्तारोहण भएको मोदी सरकारप्रति मुस्लिम समुदाय सुरुदेखि नै सशंकित थियो । गत ५ अगस्टमा भारतको एकमात्र मुस्लिम बहुल राज्य जम्मु-कश्मीरको विशेषाधिकार खारेज गर्ने निर्णयले चिन्ता थप बढायो । त्यो निर्णय भएको यतिका महिना बितिसक्दा पनि जम्मु-कश्मीर अझै सामान्य अवस्थामा फर्कन सकेको छैन । त्यहाँका प्रमुख दलका नेताहरू हालसम्म नजरबन्दकै अवस्थामा छन् भने अधिकांश ठाउँमा इन्टरनेट बन्द गरिएको छ ।कश्मीरपछि आयो, अयोध्याको बाबरी मस्जिद-राम जन्मभूमि विवादमा सर्वोच्च अदालतको निर्णय । सरकारले अदालतलाई समेत प्रभावमा पारेर दशकौंदेखिको विवादमा हिन्दुवादीका पक्षमा फैसला गराएको गुनासो सार्वजनिक रूपमै सुनिँदै आएको छ । मोदी सरकारप्रति यिनै आशंका र गुनासाहरू कायमै रहेका बेला ल्याइएको नागरिकता संशोधन ऐनले मुस्लिम समुदायलाई थप आक्रोशित बनाएको हो । तीन तलाकको निर्णयलाई अपराध ठहर गर्ने गरी लागू गरेको कानुनले पनि मुस्लिम समुदाय मोदी सरकारप्रति थप सशंकित बनेको पाइन्छ । सरकारले उक्त कानुन मुस्लिम महिलाहरूको सशक्तीकरणका लागि दाबी गरिरहँदा मुस्लिम समुदायले भने आफूहरूसँग पर्याप्त परामर्श नगरी आफ्नो धार्मिक आस्था र परम्परामाथि प्रहार गरिएको आरोप लगाउँदै आएको छ ।

त्यसमाथि भाजपा नेता तथा कार्यकर्ताहरूको मुस्लिम समुदायविरोधी अभिव्यक्तिहरूले उनीहरूमा थप त्रासको अवस्था सिर्जना गरेको पाइन्छ । खासगरी प्रज्ञा ठाकुर, गिरिराज सिंह, साक्षी महाराजलगायत भाजपा नेताहरू मुस्लिमविरोधी अभिव्यक्ति दिने मामिलामा अगाडि देखिन्छन् । तर भाजपा नेतृत्वले उनीहरूमाथि कारबाही गरेको पाइँदैन ।

सतहमा नागरिकता कानुनको विरोध मुस्लिम समुदायले बढी गरेको देखिए पनि आन्दोलनमा विद्यार्थी र अन्य अल्पसंख्यक समुदायको पनि उल्लेख्य उपस्थिति देखिन्छ । १५ डिसेम्बरका दिन दिल्लीको जामिया मिलिया इस्लामिया विश्वविद्यालय र उत्तरप्रदेशको अलिगढ विश्वविद्यालयमा नागरिकता ऐनविरुद्ध भएको विद्यार्थीहरूको प्रदर्शनमा प्रहरीले अनावश्यक बल प्रयोग गरेर सयौंलाई घाइते बनाएको थियो । त्यसपछि ती विद्यार्थीको समर्थनमा अन्य सहरका विद्यार्थीसमेत विरोधमा उत्रिएका छन् ।

आन्दोलनमा दलितलगायत अन्य अल्पसंख्यक समुदायको पनि बलियो उपस्थिति छ । त्यसको प्रमुख कारण केही वर्षयता दलित समुदायमाथि सार्वजनिक स्थलहरूमा भएका दुर्व्यवहार र त्यसप्रति स्थानीय प्रशासनले देखाएको उदासीनता हो । दिल्लीछेउको ग्रेटर नोयडामा १४ डिसेम्बरमा एक दलित युवकमाथि गरिएको दुर्व्यवहारले पनि धेरै कुरा बताउँछ । वर्षौंदेखि सडकछेउ पसल थापेर बिरयानी बेच्दै आएका उनीमाथि केही हिन्दुवादी संगठनका मानिसले दलित भएर पनि बिरयानी बेच्ने भन्दै हातपात गर्दै पसल ध्वस्त पारिदिएका थिए । दिनहुँजसो हुँदै आएका यस्ता घटनाले दलितलगायत अल्पसंख्यक र पिछडिएका समुदायमा वर्तमान सत्ताप्रति आक्रोश बढाएको छ ।

राष्ट्रिय नागरिक पञ्जीकरण (एनआरसी) भारत सरकारले आफ्ना नागरिकहरूको नाम र त्यससँग सम्बन्धित सूचनाहरू अद्यावधिक गर्न ल्याएको एउटा विधि हो । त्यसअनुरूप भारतका हरेक नागरिकले आफू भारतीय नागरिक हो भन्ने कागजात र प्रमाण सरकारी निकायमा पेस गर्नुपर्ने हुन्छ । यसको सुरुवात असम राज्यबाट गरिएको थियो । भारतका गृहमन्त्री शाहले गत २० नोभेम्बरमा भारतीय संसद्मा बोल्दै यसलाई सम्पूर्ण मुलुकभरि लागू गरिने घोषणा गरेका थिए । त्यसो गरिएको खण्डमा ठूलो संख्यामा मुसलमानहरू अवैध नागरिक ठहरिने र अन्य समुदायले पछिल्लो संशोधनबाट सहजै नागरिकता पाउन सक्ने तर आफूहरू भने त्यसबाट वञ्चित हुने मुस्लिम समुदायको भय छ ।

एनआरसीको प्रारम्भिक विन्दु सन् १९४७ को भारत-पाकिस्तान विभाजनलाई मानिन्छ । त्यतिबेला भारतबाट छुट्टिएर बनेको पूर्वी पाकिस्तानका धेरै मानिसहरू असममा गएर बसे । चिया बगानका कारण असम रोजगारीको राम्रो गन्तव्यका रूपमा चिनिन्थ्यो । त्यहाँ प्रवासीहरूको संख्या बढ्दै गएपछि स्थानीयहरूमा आफ्नो संस्कृति र भाषामाथि अतिक्रमण भएको भन्दै असन्तुष्टि बढ्न थाल्यो । यसले गर्दा रैथाने असमिया र प्रवासीबीच विवाद बढ्दै गएपछि केन्द्र सरकारले पहिलो पटक १९५१ मा एनआरसीको आधार तयार पार्यो । सन् १९७१ को बंगलादेश युद्धका बेला त झन्डै १० लाख बंगालीहरू असम छिरेर बसे । त्यसले स्थानीय तीव्र रूपमा असन्तुष्ट भए । अल असम स्टुडेन्ट युनियन (आसु) र अल असम गण संग्राम परिषद्को नेतृत्वमा आन्दोलन सुरु भयो । उनीहरूको माग गैर-असमियालाई पहिचान गरेर मतदाता सूचीबाट हटाउनुपर्ने र राज्यको सिमानामा कडाइ गर्नुपर्ने भन्ने थियो ।

सन् ८० को दशकमा त्यो आन्दोलन उत्कर्षमा पुग्यो । करिब ८०० आन्दोलनकारीको ज्यान गयो भने १९८३ मा नेल्ली जिल्लामा भएको साम्प्रदायिक हिंसामा २ हजारभन्दा बढी मारिए । त्यसपछि आन्दोलनकारी र केन्द्र सरकारबीच एनआरसीलाई लिएर वार्ता सुरु भयो । वार्ताकै क्रममा तत्कालीन प्रधानमन्त्री राजीव गान्धीले १५ अगस्ट १९८५ मा असम सम्झौताको घोषणा गरे । जसअनुसार २५ मार्च १९७१ पछि असममा बस्दै आएका गैरभारतीयलाई विदेशी मान्ने र आफ्नो देश फर्काउने, १९५१ देखि १९६१ बीच आएकालाई नागरिकता र मताधिकार दुवै दिने, १९६१ र १९७१ बीच आएकालाई नागरिकता मात्र दिने तथा १९६६ र १९७१ बीच आएकाहरूको नाम मतदाता सूचीबाट हटाउने सहमति भयो । उक्त घोषणाअनुसार असममा बस्दै आएको कुनै पनि व्यक्तिले आफू र आफ्ना पूर्वजहरू यदि २४ मार्च १९७१ अघि भारत आएको आवश्यक प्रमाण पेस गर्न सक्दैन भने ऊ विदेशी ठहरिनेछ । तर एनआरसीको यो प्रावधानले केन्द्रीय राजनीतिको अस्थिरताका कारण प्राथमिकता पाएन ।

सन् २००९ मा असम पब्लिक वर्क्स नामको एक एनजीओले अवैध प्रवासीलाई मतदाता सूचीबाट हटाउन माग राख्दै सर्वोच्च अदालतमा रिट दायर गरेको थियो । त्यससँगै एनआरसीले पहिलो पटक अदालतमा प्रवेश पायो । त्यसअनुसार सर्वोच्चले २०१३ मा एनआरसी अद्यावधिक गर्ने संयन्त्र र कार्यविधि तयार पार्न आदेश दियो भने २०१४ मा अद्यावधिक प्रक्रिया थाल्न आदेश दियो । अदालतको आदेशसँगै एनआरसीको पहिलो अद्यावधिक सूची ३१ डिसेम्बर २०१८ मा प्रकाशित गरिएको थियो । त्यसपछि सूचीबाट बाहिर परेकाहरूलाई आवश्यक कागजात पेस गर्न ३१ अगस्ट २०१९ मा अन्तिम सूची प्रकाशित गरियो । जसअनुसार असमका करिब २० लाख बासिन्दाहरू एनआरसी सूचीमा अटाउन सकेका छैनन् । तीमध्ये करिब सवा लाख नेपाली मूलका मानिसहरू रहेको बताइन्छ ।

# घुम्नको लागि पहिलो गन्तव्य : नेपाल

पर्यटन



काठमाडौं । अहिले विश्वभरी नै नेपाल घुम्नका लागि पहिलो गन्तव्य भएको सन्देश फैलिएको छ । विश्वचर्चित फोर्ब्स पत्रिकाले घुम्नका लागि नेपाल संसारकै उत्कृष्ट गन्तव्यमध्ये एक भएको भन्दै सूची प्रकाशित भएपछि विश्वभरी नै यो सन्देश गइरहेको छ । फोर्ब्स पत्रिकाले सन् २०२० मा विश्वभरका घुम्न लायक १० ठाउँमध्ये नेपाल पहिलो भएको भन्दै चर्चा गरेको छ । फोर्ब्स पत्रिकाकी ट्राभल ब्लगर क्याटरिन पार्कर म्यागरले नेपाल धर्तीकै उत्कृष्ट साहसिक गन्तव्य भएको उल्लेख गर्दै चर्चा गरेकी छिन् ।

फोर्ब्सले नेपाल साहसिक पर्यटनको लागि उत्कृष्ट ठाउँ भएको उल्लेख गरेको छ । साथै फोर्ब्सले नेपाल सुन्दर र शान्त ठाउँ भनि बताएको छ। पार्कर म्यागरले लेखेको आर्टिकलमा नेपालको तराई हुँदै पहाड र हिमाल तिर उक्लँदा असाध्यै स्वर्गीय आनन्द आउने उल्लेख छ । उनले आफ्नो लेखमा नेपालमा घुम्दा सम्झन लायक धेरै ठाउँहरु भएको उल्लेख गरेकी छिन् ।

लेखमा पार्करले फाप्ल'को ह्याप्पी हाउस, बर्दिया निकुञ्जको कर्णाली लज अति नै प्रिय र आरामदायी भएको बताएकी छिन् । उनले त्यहाँको होटल तथा रिसोर्टमा असाध्यै आतिथ्यमा पाएको पनि उल्लेख गरेकी छिन् । पार्करले चितवन, बर्दिया राष्ट्रिय निकुञ्ज र हिमाली भेगहरु घुम्नलाई असाध्यै उत्कृष्ट भएको उल्लेख गरेकी छिन् ।

पार्करले फोर्ब्समा नेपाललगायत अन्य ९ उत्कृष्ट गन्तव्यमा इक्वेडर, न्यूजिल्याण्ड, पेरु, अलास्का, ब्राजिल, मोरक्को,चीन, फिनल्याण्ड र केन्यालाई राखेकी छिन् ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरूद्धमालड्नु पर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यही नैं समयको माग हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रेरक

## आत्मविश्वासको शक्ति



कुनै समय सम्पूर्ण युरोप एथेन्स सेनाको दबदबाबाट सन्त्रस्त थियो। सबैले एथेन्स सेनालाई अजेय सम्झिन्थे। एथेन्स सेना र शासकको धाक, धम्कीले सबै युरोपेली देश त्रसित रहन्थे। एथेन्स सेनाले जहाँ-जहाँ आक्रमण गर्थ्यो, त्यहाँ-त्यहाँ उनीहरूको विजय सुनिश्चित नै मानिन्थ्यो। अधिकांश मुलुकले एथेन्स सेनाको आक्रमणसँगै हिम्मत गुमाएर आफ्नो हार स्विकार्थे। त्यतिखेर रोमका सेनापति सिजर थिए।

उनी एथेन्सको विजय अभियान र सबैको पराजित मानसिकताका कारण हैरान थिए। एथेन्ससित उच्च आत्माभिमान र आत्मबल थियो भने बाँकी विश्वसित कमजोर आत्मबल थियो। जसका कारण उनीहरू सबैले एथेन्सलाई अजेय र आफूलाई अत्यन्त दुर्बल ठान्थे। जबसम्म रोमवासीको यस्तो सोचमा परिवर्तन ल्याएर उनीहरूमा उत्साह भर्न सकिन्, तबसम्म एथेन्स सेनामाथि विजय सम्भव छैन भन्ने सेनापति सिजरले राम्ररी बुझेका थिए।

एक रात रोमका सेनापति सिजरले देशभरका हरेक नागरिकको घरको भित्ताभित्तामा लेखाए- एथेन्स सेना तबसम्म अजेय छ, जबसम्म हामी उनीहरूसामु घुँडा टेकेर बसिरहन्छौँ। त्यसैले, आउनुहोस्, हामी सबै आआफ्ना दरिला खुट्टा तनक्क तन्काएर उठौँ। यस लेखाइको रोमवासीमा अत्यन्त ठूलो प्रभाव प(यो। उनीहरू निकै उत्साहित भए। एथेन्स सेनासित उनीहरूले डटेर युद्ध गरे। अन्त्यमा अजेय ठानिने् एथेन्स सेना रोमसित पराजित भयो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ। अरूका काममा धेरै समय खर्चनुपर्ला । विगतका समस्या बल्झिन सक्छन्। सानातिना काम र घरेलु समस्यामा पनि अल्झनुपर्ने देखिन्छ । बाध्यताले अलमल्याउन सक्छ । हानि(नोक्सानी र चोटपटकको योग देखिएकाले अलि सजग रहनुपर्ला । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला ।

### बृष

हडबडले काम बिग्रनेछ भने धैर्य एवं मिहिनेतले मात्र फाइदा उठाउन सकिनेछ। वादविवादमा अघि नसर्नुहोला। अतिथिका रूपमा सम्मान पाइनेछ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिनेछ। विभिन्न सहयोग र उपहार प्राप्त हुनेछ। साँझतिर भने चोटपटकजस्ता आकस्मिक समस्याले सताउन सक्छ । समस्या दर्साउँदा सहयोगीहरूको साथ प्राप्त हुनेछ।

### मिथुन

प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । ईर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । पहिले दुश्मनी गर्नेहरूले समेत मित्रताका हात अघि बढाउनेछन् । साँझतिर रमाइलो यात्राका बीच आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

### कर्कट

समयमा लगनशील बन्न नसक्ता केही पछि परिएला । छिटो फल प्राप्त गर्ने आकांक्षाले पनि समस्या निम्त्याउन सक्छ । व्यवहारमा फाइदा लिनेहरूले अन्त्यमा धोका दिनेछन्। स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला। साँझदेखि स्थितिमा सुधार आउनेछ भने मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ। बलभन्दा बुद्धिको उपयोगले धेरै फाइदा उठाउन सकिनेछ।

### सिंह

अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । अस्वस्थताले काममा बाधा पुर्याउला । बाध्यताले अलमल्याउन सक्छ। व्यापारमा समेत ठूलो उपलब्धि हासिल गर्न नसकिएला। टाढिएका सन्तानलाई आमाको यादले सताउन सक्छ। शुभचिन्तकहरूको सुझाव मनन गर्दा फाइदा हुनेछ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान् । आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### कन्या

गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । कृषिमा कामको चाप बढ्नेछ भने चौपायामा केही समस्या देखिने समय छ। साँझतिर घरायसी समस्या देखापर्नेछ।

### तुला

वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले सहयोगीहरू टाढिन सक्छन् । अर्थ अभावले काम रोकिने सम्भावना छ । आत्मसम्मानमा चोट पुग्न सक्छ। साँझदेखि स्थितिमा सुधार आउनाले फाइदा उठाउन सफल भइनेछ । सहयोगीहरूको साथ जुट्नेछ भने दिगो फाइदा हुने काम थालनी हुनेछ।

### बृश्चिक

पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । कामको सफलताले उत्साह जगाउनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । साँझतिर आर्थिक कारोबारबाट हानि हुन सक्छ । वादविवादमा परिने योग भएकाले व्यवहारमा सजग रहनुपर्ला ।

### धनु

परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला। समयमा होस नपुग्नाले काम रोकिन सक्छ । अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । खर्च बढ्नाले आर्थिक अभाव देखा पर्ला। पाउमा चोटपटकको योग देखिएकाले सजग रहनुहोला । साँझदेखि स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसर प्राप्त हुनेछन् । चिताएको काम बन्नेछ भने स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

### मकर

आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ भने नयाँ ज्ञान प्राप्त हुने योग छ । लाभांश बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । व्यापारमा प्रशस्त फाइदा हुनेछ। साँझतिर अत्यधिक खर्च बढ्नाले आर्जित रकम सञ्चय गर्न नसकिएला । समयमा होस नपुर्याउँदा अर्थ अभावले सताउनेछ।

### कुम्भ

केही अवरोध भए पनि प्रयत्न गर्दा कर्मको उचित प्रतिफल पाइनेछ । छोटो समयमा राम्रो उपलब्धि हातलागी हुनेछ। प्रतिष्ठित काम शुभारम्भ गर्ने मौका छ। विशेष अवसरले दैनिकीमा परिवर्तन ल्याउनेछ। विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ। शुभचिन्तकहरूले राम्रो सहयोग जुटाउनेछन्। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । साँझतिर मनग्गे धनलाभ पनि हुनेछ।

### मीन

श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन्। चुनौतीपूर्ण कामको दायित्व लिनाले केही समस्या आउन सक्छन् । अरूको मन जित्ने प्रयास गर्नुहोला, साँझदेखि पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । तर विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ। प्रयत्न गर्दा व्यापार बढ्नेछ।

J12 -Nepal GD. (2013): WASH for Livelihood Improvement and Climate Change Adaptation, published by Society of Public Health Engineers, Nepal – A Technical Journal (ISSN-2091-0851, Vol 11, Number 1) of Water, Sanitation, Health and Environment issued on the Occasion of World Water Day 2013.
J13 -Nepal GD. (2012): ODF Sustainability - Experience from past published by Department of Water Supply and Sewerage, Panipokhari, Kathmandu.
J14 - Nepal GD. (2011): Mitigation Options on Arsenic contaminated Groundwater Nepal, case study of Nawalparasi district Nepal, A SeRDEN Journal on Rural Development, published by DoLIDAR, Nepal.
J15 -Nepal GD. (Nov. 2010): Towards Quality Water Supply/Parbat, RWSSPWN Newsletter(Issue 3).
J16 - Nepal GD. (Nov. 2010): Road Construction for Development: A case study of Road Project in Helambu Region/Nepal, published by Nepal GIS Society.
J17 - Nepal GD. (15.10. 2010): Towards total Sanitation: a People oriented approach, an article published in the Himalayan Times daily on the occasion of Global Hand washing Day.
J18 - Nepal GD. (2010): Poverty and Environment in rural region Nepal- Water Supply Sanitation Project is key for the Sustainable Development, A Journal on Rural Development, published by DoLIDAR, Nepal.
J19 - Nepal GD. (2010): Community Taking Lead in Parbat for ODF, RWSSP-WN Newsletter (Issue 2), published by RWSSPWN, Kaski, Pokhara.
J20 - Nepal GD. (2010): Selection of Service Provider in Parbat, RWSSP-WN Newsletter (Issue 1), published by RWSSPWN, Kaski, Pokhara.
J21 - Nepal GD.; Vogt J. (2009): Road Construction for Development: A case study of Road Project in Helambu Region/Nepal, Readings on Governance and Development (Vol XIII), Institute for Governance and Development, Kathmandu, Nepal.
J22 - Nepal GD. (2008): Health Effects of Arsenic contaminated Groundwater in Dang district / Nepal, published from GON/Department of Water Supply & Sewerage (Sanitation Journal Pg. 2.
J23 - Nepal GD. (2004): Socio-economic impact of Arsenic contaminated Groundwater in Rural areas of Siraha district - Article published in E-Journal ("www. developmentnepal.com"- USA).

Newsletter Articles

N1 - Nepal GD. (29/07/2015): Suggestion for Constitution of Nepal, an article published in Junkiri Sanchar weekly, Libang -6, Rolpa.
N2 - Nepal GD.(15/08/2014): Water is the Matter - Diahoreal Outbreak Gaidatar of Rautahat an article published in The Kathmandu Post daily.
N3 - Nepal GD.(27/04/2014): Next to godliness - commitment from all stakeholders is needed to achieve sanitation for all by 2017, an article published in The Kathmandu Post daily.
N4 - Nepal GD. (09/02/2014): Drops to Drink: Water Safety Plan, an article published in The Kathmandu Post daily.
N5 - Nepal GD (12/12/2012): Saraswoti to Karlsruhe, an article published in Junkiri Sanchar weekly, Libang -6, Rolpa.
N6 - Nepal GD. (15/10/2010): Towards total Sanitation: a People oriented approach, an article published in the Himalayan Times daily on the occasion of Global Hand washing Day.

**Research Articles in Web**

W1 - [www.rwsspwn.org.np/reports-and-documents] - Mitigation Options on Arsenic contaminated Groundwater Nepal, submitted to Research Committee, Project Support Unit, RWSSP-WN.
W2 - [www.rwsspwn.org.np/news and updates] - Towards total Sanitation: a People oriented approach, an article published in the Himalayan Times daily on the occasion of Global Hand washing Day.
W3 - [www.rwsspwn.org.np/reports-and-documents/ODF at Parbat.pdf] "Towards open defecation free district" (August 2010).
W4 - [www.rwsspwn.org.np/reports-and-documents/successful case study - Parbat.pdf] "A Successful Case study in Parbat" (August 2010).
W5 - [www.rwsspwn.org.np/newsletter] - Newsletter Issue 1, 2 &3 (2010).
W6 - [www.nepalresearch.com/infrastructure/water.html].

**Interview with Media:**

M1 - Interview with Radio, Falebas, Parbat [Oct. '10) for the promotion of ODF campaign at distrct.
M2 - Interview Radio Saligram FM, Kusma, Parbat [Jan.'11, July '12) about WASH achievement in Parbat distrct.
M3 - Interview with Radio Shreenagar, Palpa (April '11) about ODF campaign.
M4 - Interview with Radio Radi Didi Bahini Kusma, Parbat [March '12) about WASH achievement in Parbat distrct.
M5- Documentary prepared (June '12) own leadership about WASH scenario improvement in Parbat.
M6 - Interview with Radio Salleri, Solukhumbu (April '15) about Water Quality and Total Sanitation Campaign for public health improvement.
M7 - Interview with Radio Rolpa, Liwang (May '15) about Total Sanitation campaign.
M8- Interview with Radio Sindhu (January 2016) about WASH in Emergnecy, Sindhupalchok.

**9.Scholarship / Award:**

- DAAD Re-visit Sxcholarship for the research on Wastewater Treatment and Managment in developing countries, University of Appl;ied Sciences, Detmold, Germany (May-July, 2018)
- DAAD Scholarship to attend the DAAD Alumni Expert Seminar in Mumbai, India (2015).
- Ministry of Foreign Affairs- Finland/WHO Nepal Scholarship - to attend the Fifth Dry Toilet Conference in Tampere, Finland (2015).
- DAAD Scholarship to attend the DAAD Alumni Expert Seminar in Mumbai, India (2013).
- UNEP/UNESCO & Federal German Government scholarship to attend the Training course on Water Management & Climate Change Adaptation, Dresden, Germany (Sept. 2012)
- Award and recognition from 6 core program VDCs, DDC and 4 Service Providers as a best WASH Advisor to conduct the program/Parbat-Nepal. (July 2012).
- Netherland Fellowship Program (NFP) for the International Training on Decentralized Water Supply and Sanitation, UNESCO-IHE, Delft, The Netherlands (July 2011).
- DAAD Scholarship for Masters' Degree study in Germany (2005-2007).
- University Price for best Project work and Poster Presentation, University of Karlsruhe (2006).
- Netherland Fellowship Program (NFP) for the PG Diploma study in Netherlands (2000).

**10. Members of Professional Society:**

- Life Member of Nepal GIS Society.
- Life member of Nepal German Academic Association (NEGAAS).
- Member of DAAD Alumni, Germany.
- Member of IHS Alumni, Rotterdam, The Netherlands.
- Member of UNESCO IHE Alumni, Delft, The Netherlands.
- Member of CIPSEM Alumni -Dresden, Germany.
- Member of PASD-Nepa.l

**11. Country Visited:**

India, Bahrain, Qatar, Thailand, The Netherlands, Belgium, Portugal, Luxemburg, France, Germany, Austria, Italy, Liechtenstein, Switzerland, Finland, Sweden, Denmark & Czech Republic.

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Burnish = घोटेर, दलेर वा पुछेर चम्काउनु, वा चम्किलो बनाउनु Soldiers spend their time also in burnishing shoes (सिपाहीहरू जुत्ता चम्काउनकै लागि पनि समय खर्च गर्दछन् )

Coagulate = बाक्लो बनाउनु Some sweets are made by coagulating the milk (केही मिठाइहरू दुधलाई पकाएर बनाएको खुवाबाट बनाइन्छ)

Desultory = विना योजना, विना उध्देश्यको A desultory action can not be effective (विना योजना गरिएको कार्य प्रभावपूर्ण हुन सक्तैन)

Empirical = गहन,अनुभवमा आधारित This report has been prepared by using empirical data (गहन तथ्यांकहरूको प्रयोग गरेर यो प्रतिवेदन तयार गरिएको छ)

Flag = सेलाउनु When the opposing team scored its second goal in ten minute, the spirit of home team flagged (जव विपक्षि टिमले १० मिनेटकै अन्तरालमा दुई गोल गर्‍यो, स्वदेशी टिमको जोश सेलायो)

Guileless = कपट भनेको नजानेको He is innocent, simple and guileless (ऊ सोझो, सादा र कपट भनेको नजानेको ब्यक्ति हो)

Hone = तिखो वा धारिलो बनाउनु वा सांद लगाउनु To make choping easier, he honed his axe (काट्न सजिलो होस भनी उसले बन्चरो सांद लगायो)

Impermeable = छिर्न नसक्ने This newly polyster is impermeable to water (यो नयां किसिमले प्रशोधन गरिएको पोलिस्टर कपडा पानीले भिज्दैन)

Jeopardize = हुनसक्ने कुरालाई हुन नसक्ने वा निरर्थक तुल्याइदिनु He is not a good boss because he jeopardized my chances to go abroad to study ( ऊ असल नियत भएको हाकिम होइन किनकि उसले मेरो विदेशमा पढन जाने मौकालाई निरर्थक तुल्याइदियो)

Knave =विश्वाश गर्न नसकिने मान्छे Someone having a reputation of a knave can not be a good politician (जस्लाई विश्वास गर्न नसकिने मानिसको श्रेणीमा राखिएको छ त्यसतो मानिस असल राजनीतिज्ञ हुन सक्तैन )

## Call बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Call something off = केही कुरा रोक्नु Because of rain we have called off our picnic yesterday वर्षाको कारण हामीले हिजोको हाम्रो पिकनिक कार्यक्रम रोकेका हौ ।

Call on = आमन्त्रण गर्नु वा भेटनु Yesterday Chinese president called on visiting high level guests हिजो चीनका राष्ट्पतिले विदेशी उच्च पाहुनालाई भेट दिए ।

Call upon somebody = आब्हान गर्नु At the end of the program Master of Ceremony called upon the chairman to adress the meeting बैठकको अन्त्यमा कार्यक्रम संचालकले सभापतीलाई बैठकलाई संवोधन गर्न आब्हान गरे ।

Call somebody out = मध्दतको लागि वोलाउनु As the fire broke the villager called out the fire आगलागि शुरु हुने वित्तिकै गाउलेहरुले दमकल वोलाए ।

Call somebody up = सैनिक सेवाको लागि आब्हान गर्नु Some governments call up the youths as compulsory कुनैकुनै सरकारले यूवाहरुलाई अनिवार्य सैनिक सेवाको लागि आब्हान गर्छन ।

Call somebody up = कसैलाई संझना गराउनु This song always calls me up my childhood days यो गीतले म केटाकेटी हुंदाको दिन याद गराउछ ।

Call something up = कुनै कुराको संझना गराउनु Such bad weather calls up the plane crash of August 1992 यो खराव मौसमले सन १९९२ अगष्टको हवाइ दुर्घटनाको संझना गराउछ ।

Call up age = जागिर खाने उमेर Your call up age begins as soon as you complete 18 १८ वर्ष पुग्ना साथ तिम्रो जागिर खाने उमेर शुरु हुन्छ ।

## सुडोकु-अंक १८०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | ७ | | | |
| | | | ४ | | | | | ७ |
| १ | ४ | | | | ३ | ६ | | |
| | ९ | | ५ | | | ७ | | |
| | ३ | | | | | | २ | |
| | | ८ | | | | | ३ | |
| | | ५ | ६ | | | | ८ | २ |
| ७ | | | | | ५ | | | |
| | | | ८ | | | | | |

## अंक १७९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | १ | ४ | ८ | ९ | ३ | ७ | ६ | २ |
| २ | ३ | ९ | ७ | ४ | ६ | ५ | १ | ८ |
| ८ | ६ | ७ | २ | ५ | १ | ९ | ४ | ३ |
| ३ | ७ | ५ | ६ | २ | ४ | १ | ८ | ९ |
| ४ | ९ | ८ | ३ | १ | ५ | २ | ७ | ६ |
| ६ | २ | १ | ९ | ७ | ८ | ४ | ३ | ५ |
| १ | ८ | २ | ४ | ६ | ९ | ३ | ५ | ७ |
| ७ | ५ | ३ | १ | ८ | २ | ६ | ९ | ४ |
| ९ | ४ | ६ | ५ | ३ | ७ | ८ | २ | १ |

## जलवायु परिवर्तन आजको गम्भीर चुनौती

### केन्द्रीय प्रहरी प्रवक्तामा शैलेश थापा क्षेत्री

काठमाडौं । प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई नेपाल प्रहरीको केन्द्रीय प्रहरी प्रवक्ता तोकिएको छ । नेपाल प्रहरीद्वारा सम्पादित जनसरोकारका काम कारवाहीलाई यथार्थ तथा तथ्यगत रुपमा सञ्चार माध्यमहरूमा सम्प्रेषण गर्नका लागि प्रहरी नायव महानिरीक्षक थापा क्षेत्रीलाई केन्द्रीय प्रहरी प्रवक्ता तोकिएको उक्त सचिवालयले मंगलबार जनाएको छ ।

### सवारी दुर्घटनामा ३ को मृत्यु

काठमाडौं । कास्की, पोखरा महानगरपालिका(१७ बिरौटास्थित सडकमा मंगलबार बिहान ग.१ क २४९९ नम्बरको बसबाट झर्ने क्रममा लडेर सोही स्थान बस्ने पर्वत खौला लांकुरी घर भएकी २६ वर्षीया सरिता पौडेलको मृत्यु भएको छ । बसबाट लडेर गम्भीर घाइते भएकी उनको पश्चिम क्षेत्रीय अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । झपा, दमक नगरपालिका(५ गोर्खा डिपार्टमेन्टस्थित सडकमा मंगलबार बिहान ना.६ ख ९३४३ नम्बरको बसको ठक्करबाट पैदलयात्री मोरङ बेलबारी नगरपालिका(११ घर भई सुनसरीको धरान बस्ने ६० वर्षीया धनमाया राईको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको लाईफ लाईन अस्पताल दमकमा उपचारको क्रममा मृत्यु भएको हो ।

डडेल्धुरा, अमरगढी नगरपालिका १ सल्लाघारीस्थित सडकमा ना.७ ख ६५२२ नम्बरको बस र से.४ प ८५८० नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई मंगलबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका(११ सल्लाघारी बस्ने २० बर्षीय भरत बोहराको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल डडेल्धुरामा उपचारको क्रममा मृत्यु भएको हो ।

# शब्दचित्रमा गंगादत्त नेपाल



**1.Personal**

Name : Ganga Datta Nepal
Nationality: Nepalese
Date of Birth : June 5, 1969
Gender : Male
Marital Status: Married
Permanent Address : Melamchi Municipality-6, Sindhupalchok, Nepal

Contact Address : P.O. Box 11305, Budhanilakantha Municipality-12, Kapan, Adarshanagar, Kathmandu, Nepal Tel : 00977 984183 1976 / 9808815123 Email : nepal_ganga@yahoo.com / ganganepal@gmail.com

**2. Summary of Expertise / Skills:**

- Advanced academic degree with merit from Germany & Nepal.
- More than 20 years experiences on WASH sector in Nepal.
- Expertise on Project Cycle Management (Planning, implementation, management & Monitoring Evaluation) of development projects focused on WASH..
- Involved for the preparation of government gudielines on Total Sanitation, Water Safety Plan, Climate Resilient Water Safety Plan.
- Worked for Sanitation Hygiene promotion using 5+1 total sanitation indicators; and previously worked for the SLTS and CLTS approahc for the ODF community.
- Long experiences with Result Based Monitoring, M&E and supervision - Expertise on data analysis.
- Have work mostly on DO NO HARM approach.
- Expertise on Water Safety Plan (WSP), Climate Resilient Water Safety Plan (CR-WSP), Water Quality and Total Sanitation - always work for BUILD BACK BETTER (BBB) and SAFER.
- Involved as a Public Health related Monitoring and Evlauation using HMIS.
- Representation from donors side in different forums i.e. technical and sectoral meetings to ensure visibility amongst local and central authorities.
- Proactive and make positive image and overall credibility of the organization.
- Experience on staff, financial, logistics and materials - management of projects and assess the activities undertaken and ensure efficient use of resources.
- Preparation of program work-plan and framework for the project.
- Reports to donors, monthly internal reports and contribute to the development of financial reports through regular budgetary follow up.
- Establish systematic communication to the relevant country representative and donors.
- Provide technical inputs and guidance and ensure that technical quality and standards are considered during project implementation.
- Capacity development of staffs on technical as well as management matters.
- Positive attitude in problem solving and good team dynamics.
- Very good knowledge of MS office and research tools (MS Access, SPSS, R+, GIS)

**3. Academic Qualification:**

- PhD in WASH and Climate Change, Joint Nepal & Germany (Final defence preparing).
- Master of Science (M.Sc.) - Civil and Environmental Engineering specialization on Regional Science (2007), University of Karlsruhe/Germany.
- Master of Arts (M.A.) in "Rural Development" (2003), Tribhuvan University/Nepal.
- PG Diploma in Urban Infrastructure Management (UIM) specialization Information Management and Decision Support System (2000), IHS, Rotterdam/The Netherlands.
- Bachelor of Commerce / Management (B.Com.) major Project / Office Management (1999), Tribhuvan University/Nepal.
- Bachelor of Science (B.Sc.) with major Statistics, Physics and Mathematics (1996), Tribhuvan University, Patan Multiple Campus/Nepal.

**4. Language Proficiency:**

Nepali : Mother tongue, English : Fluent, German, Fluent, Hindi: Fluent

**5. Professional Training attended:**

International Level:

- Training on Climate Resilient Water Safety PLan (CR-WSP) at NEERI, Nagpur, India organised by WHO, SEARO, Delhi. (4 days, Nov. 2017).
- Refresher Training course on "Urban space and disaster: building disaster with communities" (May 2017, two weeks) organized IHS, Rotterdam, The Netherlands funded by Nuffic.
- Training on Climate Change Adaptation and Mitigation (Sept. 2016, two weeks) organized by Humbholdt University Berlin, SLE financial support from DAAD and German Government.
- Training on Water Resource Management & Climate Change Adaptation (Sept. 2012, one month) organized by Technical University of Dresden/Germany & UNEP/UNESCO/BMU.
- Training on Decentralised Water Supply and Sanitation (July 2011, 3 weeks) organized by UNESCO–IHE Delft /The Netherlands and funded by NFP.

National Level:

- Training of Trainer on Sanitation Safety Plan (SSP) - (5 days, 2017) organized by National Water Supply and Sanitation Training Centre (ISO Certfied).
- Training on "Managing People in OXFAM" (4 days, Jan. 2016) organized by OXFAM Nepal.
- Training on E-bididng and Procrurement (2 days, March 2014) organizaed by National Management Information Project, Department of water Supply and Sewerage, Kathmandu/Nepal.
- Training on Management and Development (March 2015, 1.5 month) organized by Nepal Administrative Staff College, Jawalakhel, Lalitpur/Nepal.
- Training of Trainers (ToT) on Water Safety Plan (Feb. 2013, 4 days) organized by DWSS/WHO Nepal in Pokhara/Nepal.
- Training on Community Led Total Sanitation (CLTS) (Jan. 2012, 4 days), CLTS pioneer Dr. Kamal Kar organized by Rural Water Supply & Sanitation Project (RWSSP-WN), Pokhara/Nepal.
- Training on WASH-MIS (Jan. 2011, 4 days) organised by RWSSSPWN, Pokhara/Nepal.
- Training on Presentation skills (Feb. 2011, 3 days) organised by Rural Water Supply & Sanitation Project (RWSSP-WN) & BIKASH, Pokhara/Nepal.
- Training on Water Safety Plan and Water Quality Testing (Nov. 2010, 5 days) organised by RWSSSP-WN, Parbat/Nepal.
- Training on Gender, Social Inclusion and Governance (Sept. 2010, 3 days) organised by RWSSSP-WN in Baglung/Nepal.
- Training on Design Estimate of Rural Water Supply Schemes (March 2010, 4 days) organised by RWSSP-WN, in Pokhara/Nepal.
- Training on Water Supply Sanitation and Hygiene (WASH) Plan (Jan. 2010, 6 days) preparation organised by RWSSP-WN in Kushma of Parbat/Nepal.
- Training of Trainers on Total Behaviour Change (TBC) in Hygiene and Sanitation (Oct. 2009, 6 days) organised by RWSSP-WN, in Syangja/Nepal.
- Training on Project Implementation Criteria(2001) organised by IDA/ RWSSFDB, Hetauda,Nepal.
- Training on Administrative Procedure (Oct. 1996, 1.5 month) from Nepal Administrative Staff College (NASC), Lalitpur/Nepal.
- Training on GIS (ARC/INFO) (Feb. 1996, 1 month) organised by Central Department of Geography and MENRIS/ICIMOD/UNEP, Kathmandu/Nepal.
- Training on Health & Sanitation (1995)organised by JAKPAS/SOUND, Dhading/Nepal (1995).
- Training on Teaching Methodology for Teachers (1990, One week)) organised by District Education Office, Sindhupalchok.

**6. Conference/Seminar/Workshop attended:**

- Seminar on WASH and Nutrition , 10 days) in September 2018 organized by DAAD and University of Siegen, Germany at Pokhara, Nepal.
- Seminar and development show - IFAT Munich 2018 (Water and Wastewater Technology, 3 days) in May 2018 organized by Messe Munchen, Germany.
- Attended International Seminar on Water, Environment and Climate Change 4 days (April 2018), Kathmandu, Nepal.
- DAAD Alumni Expert Seminar: Water meets Economy - Water & Wastewater Management Oct. 2015, one week) in Mumbai/India organized by DAAD.
- National conference on Climate Change and WASH (Sept. 2015, two days), Pokhara Nepal organized by Ministry of Urban Development supported by WHO Nepal.
- Fifth Dry Toilet Conference (Aug. 17-22, 2015, 1 week), Tampere Finland: Two papers presented;
  i. WASH scenario in Nepal after Earthquake
  ii. Total Sanitation Practices of Nepal: a case study of Amarapuri VDC, Nawalparasi/Nepal.
- DAAD Alumni Expert Seminar: Water meets Economy - Water & Wastewater Management (Oct. 2013, one week) in Mumbai/India organized by DAAD.
- Conferene on World Water Day - March 22 (2013, 2014, 2015), published article related to WASH, Kathmandu/Nepal organized by SOPHEN Nepal.
- Poverty and Development seminar (2007), discussion with nobel prize owner Mr. Muhammad Yunus organized by University of Karlsruhe / Germany (2007).
- Seminar for DAAD Scholarship holder (March 2006), Mainz Germany organized by DAAD.
- Seminar on Rural Development (April 2002), Tribhuvan University, Nepal organized by Central
  Department of Rural Development, Kirtipur, Nepal.
- Atlas GIS and Database workshop (Jan. 2002) )organized by UNICEF-Nepal.
- Conferene on World Water Day (March 22, 2000), Hague, The Netherlands.

**7 . Capacity Development Training Conducted:**

- Climate Resilient Water Safety Plan (CR-WSP) Training organized and facilitated for WUSC Represnetative, Engineers and Technicians at Gaidakot, N'parasi/Nepal (July 2015).
- 4 Events - Total Sanitation Training organized and facilitated for VDC representatives, Gaidakot, N'parasi/Nepal (2012-2015).
- 10 Events - Water Safety Plan (WSP) Training organized and facilitated - for Rural and Urban Water Supply System for Engineers, Chemists, WUSC representative and Technicians at Gaidakot, N'parasi and Nagarkot/Bhaktapur/Nepal (2012 to 2015).
- Facilitation of Total Behaviour Change Training at 55 VDCs organized by DDC/RWSSPWN-Parbat (2010-2012).
- Nepal GD: WASH Planning Training for Field Coordinators, Engineers, Health Promoters, Technicians, Kushma, Parbat (Jan. 2010).
- Nepal GD: Training on WATSAN data collection for Sub-Engineer and Water Supply Sanitation Technician for National Management Information Projec (NMIP) in Kavre, Parsa, Chitawan and Kaski district (1997, 1998).

**8. Professional Experiences (PE):**

**PE1 - Position : Country Team Leader**

Employer: USAID WASH-FIN Project implemented by Tetra Tech.
Date: May 2019 to date
i. Programmatic Leadership
ii. Contractual Performance and Risk Management
iii. Financial Management
iv. Administration and Personnel Management
v. Outreach Promotion and Coordination

**PE2 - Position : WASH Technical Expert**

Employer: WHO funded WASH WASH Program, DWSS Building, Kathmandu, Nepal.
Date: (i) April 2016 to Dec. 2018. (ii) Dec. 2014 - Oct. 2015. (iii) July 2012 - June 2014
As a Senior Officer - responsible for overall management of WHO Nepal funde, AusAid SEARO-II and III funded programs on WASH in Emergency, Climate Resilient Water Safety Plan (CR-WSP), Water Safety Plan (WSP), Water Quality, Total Sanitation Project. As Government of Nepal (GoN) is focusing on quality water supply and sustainable sanitation.

**PE3 - Position : Research Scientist (Water and Wastwater Management)**

Employer: University of Applied Sciences, Detmold and HU Germany (DAAD Funded).
Date: 1 May - 31 July 2018
As a Research Scientist under the fellowship of DAAD, Government of Germany - responsible for Research work on Water and Wastewater Management in Germany and how to replicate in tural and peri urban areas of Nepal. As a research fellow, has carried out following tasks: Field visit of wastewater treatment plant of Detmold and Horn in Lippe district of Nordrhein Westfalen of Germany. Visited Water and Wastewater - IFAT 2018 show in Munich, Germany.
- Review of Literature on Wastewater Treatment in Germany and Europe.
- Review of Water Science and Technology for the preparation of research paper in journal.
- Research study report preparation.
- Research paper preparation as per the research findings.
- Preparation of his ongoing PhD Dissertation.

**PE4 - Position : WaSH Team Leader**

Employer: OXFAM GB, Nepal Earthquake Response Program, Sindhupalchok district
Date: 1 Nov. 2015 to 31 March 2016 (5 Months for DRR)
As a WaSH Team Leader - responsible for overall WaSH management - contributing to and influence operational planning at district level; providing professional advice to your manager on areas of work covered in their remit; support the PHE and PHP team leads in supervising and monitoring the team, partner and community volunteer activities related to WaSH programme implementation; support PHP and HE integration (together with other teams EFSLV/Gender) to implement coordination and comprehensive WaSH programmes.

**PE5 - Position: Regional Monitoring Evaluation and Accountability Expert,**

Employer: Local Governance and Community Development Project II (LGCDP)
Regional Unit- Dhangadhi (Bilateral programme of Ministry of Federal Affairs & Local Development (MoFALD) /UNDP & Multi donors funded project)
Programme: Road, WASH, Irrigation, Education, Health, Environment, Economic, Social and Promitional activities. ate: July - November, 2014 (5 Months). The LGCDP is a national programme, which is being implemented by MoFALD and supported by a range of development partners. The RMA expert assists MoFALD for the implementation of programme, by strengthening the capacity of local bodies to ensure proper management and implementation of programme activities. Directly work under the National Project Manager, responsible for Monitoring, Evaluation,Reporting and Accountability of entire region. As a Senior Officer- Project Management & Monitoring,Evaluation, Supervision and backstopping of Regional Coordination Unit (RCU) Officers, 9 District Governance Experts, 6 Urban Governance Experts, 9 District Development Committees, 6 Municipalities and more than 500 Social Mobilisers and Local service providers.

**PE6 - Position: Water Supply Sanitation and Hygiene (WASH) Advisor**

Employer: Rural Water Supply and Sanitation Project, Western Nepal (RWSSP-WN)
(Nepal - Finland Cooperation, International Consultant - Ramboll Finland)
Date: April 2009 - July 15, 2012 (3 yrs and 3 months).Rural Water Supply and Sanitation Project in Western Nepal is bilateral development cooperation between Nepal and Finland. It supports for climate change adaptation and Water Supply Sanitation & Hygiene (WASH) programs of local bodies of Nepal. The Ramboll Finland Oy is an international consultant Finnish NGO) providing technical assistance on behalf of the Government of Finland. WASH Advisor has to report directly to the Chief Technical Advisor and worked as a team member of Project Support Unit. (PSU). As a representative from the Government of Finland leading the CLTS approach on Sanitation for District ODF Campaign and WASH projects by Advising, Supervising, Technical backstopping and Supporting, Monitoring and Evaluation for the proper fund utilization and implementation.

**PE7 - Position: Monitoring and Evaluation and MIS Officer**

Employer: National Management Information Project, NMIP/DWSS Government of Nepal/ADB/UNICEF/UN-Habitat funded Project). Date: Aug. 2008 - March 2009 (8 Months). As a core project representative from Government of Nepal and Donors, proactively leaded preparation of central WASH-MIS i.e. NMIP-database and analysis of the field information as a central level facility.

**PE8 - Position: Field Monitor (coordination, supervision, monitoring & evaluation)**

Employer: UN Habitat- Nepal. Date: Dec. 2007 - July 2008 (8 Months)
Field Monitoring Evaluation, Supervision and Coordination of Arsenic Blancket Testing Program in Dang district; program consists of more than 25 field staffs, program is jointly organised by GoN / UNICEF / UN Habitat.

**PE9 - Position: Student cum Research Assistant**

Employer: Institute for Regional Science, University of Karlsruhe, Germany. Date: April 2005 - Oct. 2007 (2 yrs 6 months).

**PE10 - Position: Program Coordinator (WASH, Income Generation and Small Irrigation) (Project funded by Plan Nepal, IDA/RWSSFDB, ADB and HMG Nepal).**

Employer: Society for National Development -Sound Nepal (a national NGO). Date: Dec. 2001 - March 2005 (3 yrs 4 months)
Involved as a Team Leader in different demand led community based development projects like water supply, sanitation, health hygiene, irrigation and literacy programs in different districts. Pre-feasibility and feasibility study of the proposed projects.

**PE11 - Position: Sociologist/Social Scientist (WASH, Social Mobilization and Training)**

Employer: Rural Water Supply and Sanitation Fund Development Board/IDA-World Bank/Nepal) partnering with Info-assembly Centre and Everest Consultant). Date: March 1999 – Nov. 2001 (2 yrs 9 months). As a Sociologist on selecting NGOs, CBOs, pre-feasibility and feasibility study of the proposed projects. Pre, post, compliance, periodic and process monitoring and supervision of implementing projects in different districts of Nepal. During these assignments, I was responsible for appraising the relevant socio-economic, ethnic, demographic and community issues of those project area and collection of information, monitoring and evaluation of the community initiatives and their capacity as well as performance level. Impact evaluation and sustainability potential study of implemented water supply and sanitation projects.

**PE12 - Position: MIS Assistant**

Employer: Government of Nepal (Department of Water Supply & Sewerage). Date: March 1994 to Feb. 1999 (5 yrs)

**9. Expert - Part time Involvement:**

E1 - Team Leader cum WASH Expert for Final and ExternalEvaluation of Safe WASH II Project implemented by SEBAC-Nepal and funded by USAID (Jan. – March, 2019) .

E2 - Team Leader for the study of 'Yard Connection' in Rural Water Supply and Sanitation Project of NEWAH funded by Charity Water, USA, (Sept. – Dec. 2018).

E3 - Team Leader of Social Welfare Council (SWC), Final project evaluation 'Poverty Alleviation through Community Empowerment' Project [funded by Mennonite Central Committee (MCC) Canada] (March-July 2018).

E4 - WASH Expert to study Functionality study of Rural Water Supply and Sanitation Project (RWSP) of Gurkha Welfare Scheme funded by DFID (1 month task)

E5- Team Leader of Social Welfare Council (SWC), Final project evaluation and effectiveness of WASH Project funded by Charity Water, USA (Dec.2016–Jan. 2017).

E6 - Local Consultant of Overseas Development Institute (ODI), London based Think tank organization for the study of Inequality in WASH in Nepal (Sept-Oct. 2016)

E7 - Team Leader of Social Welfare Council (SWC), Final project evaluation and effectiveness of Initiative for Climate Change (ICCA) Project funded by USAID - IDE Nepal in 8 districts of Western and Mid Western Nepal , (Sept 2016 – Nov. 2016).

E8 - Team Leader of Social Welfare Council (SWC), Final project evaluation and effectiveness of Sanitation marketing (SanMark) Scale Up Nepal Project funded by IDE Nepal in 8 districts of Eastern and Central Terai , (Dec.2015 – March 2016).

E9 - Study team member of Groundwater Recharge study of Kathmandu valley funded by KUKL Nepal (June-July, 2013).

E10 - Team Leader of Social Welfare Council (SWC), Final project evaluation and effectiveness of Social Marketing of Water guard project funded by PSI Nepal, (March - April, 2013).

E11 - Individual consultant of Sewerage Management and Development Section of Department of Water Supply and Sewerage for the preparation of Term of Reference (ToR) for the preparation of policy and strategy of Wastewater Sewerage development in the country (February-March, 2013).

E12 - M.Sc. Thesis Supervision WASH and Climate Change of Environment Science students of Tribhuvan University, Nepal (March - April, 2013).

E13 - Individual consultant of Water Supply and Sanitation division Office, Myagdi for the impact evaluation and effectiveness of Water Safety Plan (WSP) of Beni water supply project (January-February, 2013).

E14- Research for Rural Water Supply and Sanitation Project, Western Nepal (RWSSPWN) Pokhara for Mitigation options for the Arsenic contaminated Groundwater of Nepal, a case study of Nawalparasi district, Nepal (June 2010-April 2011).

E15- Lecturer Pashupati Multiple Campus, Chabahil, Kathmandu for teaching of Rural Development and Natural Resource Management - Bachelor's Degree students (Nov. 2008-March 2009).

E16 - Lecturer of St. Lawrence College, Chabahil, Kathmandu for the teaching of Rural Development and Statistics for the Bachelor's Degree (November 2008-March 2009).

E17 - As a WASH expert involvmenet for the Recruitment of staffs & NGOs for the WASH and LGCDP programme from Disrict Development Committee. Research and Publications:

**10. Books/ Proceedings/3. Research Publications/ Research Publications/ Journal Articles/ Newsletter Article/ Research Articles in Web/ Interview with Media:**

**Books**

B1 - Nepal GD. (2014): Road construction as an instrument for the Rural Development & Poverty Reduction- a case study of Melamchi - Timbu Road Project in the Helambu Region/Nepal, published by LAMBERT academic publication, Saarbrucken/Germany, ISBN 978-3-659-44503-3, 98 pages (in German and English lanaguages).

B2 - Nepal GD.; Hada GB. (2005): Rural Development – Theories, Approach and Methods (Book for Bachelors Level, first year, Tribhuvan University, published by Dikshanta Publications, Kirtipur, Kathmandu/Nepal (300 pages).

**Proceedings**

P1 - Nepal GD (2018): Sanitation Safety Planning for Environmental Management and Livelihood Improvement published in SOPHEN Journal, Kathmandu, Nepal.

P2 - Nepal GD (2015): Management of Water Supply Sanitation and Hygiene (WASH) after the Earthquake / Nepal published in Technical Journal of IIT-Bombay/India on the DAAD Experts seminar on Science meets Economy.

P3 - Nepal GD (2015): Climate Resilient Water Safety Plan (CR-WSP) for WASH Sustainability and Health Based Target, proceeding published in Diploma Engineers Association/Nepal.

P4 - Nepal GD (2015): Total Sanitation Practices in Nepal : a case study of Amarapuri VDC /N'parasi, proceeding published in Fifth Dry Toilet Conference, Tampere, Finland.

P5 - Nepal GD. (2013): Groundwater Recharge in Kathmandu Valley, published in Technical Journal of IIT-Bombay/India on the DAAD Experts seminar on Science meets Economy.

**3. Research Publications**

R1 - Nepal GD (2018): Environmental Sanitation - Wastewater Management is the key for development, applied research submitted to University of Applied Sciences, Detmold, Germany (Under the DAAD support).

R2 - Nepal GD., Tiwari RC., Dahal B., Dahal K., Dhamala A., Paudel A., Shahi UK (March 2014): Study report on Functionality Status of Dhulikhel Water Supply and Sanitation Project, Kavre/Nepal, submitted to Nepal Administrative Staff College, Jawalakhel, Lalitpur/Nepal.

R3 - Nepal GD., (2010): Applied research on Mitigation Options on Arsenic contaminated Groundwater Nepal, submitted to Research Committee, Project Support Unit, RWSSP-WN, Pokhara/Nepal.

R4 - Nepal GD.; Hilgert S. (2008): Community Forestry for the Environment Management and Poverty Reduction- a case study of Syalapani community Forestry, Dang/Nepal.

R5 - Nepal GD. (2007): Road construction as an instrument for the Rural Development & Poverty Reduction- a case study of Melamchi - Timbu Road Project in the Helambu Region/Nepal, submitted to University of Karlsruhe/Germany.

R6 - Nepal GD.; Boie I. (2006): Poverty & Environment in Rural Regions Nepal: Water Supply Sanitation project as a key for sustainable Development submitted to University of Karlsruhe/Germany.

R7 - Nepal GD. (2003): Impact Evaluation and Sustainability study of Indrayanidevi Water Supply and Sanitation Project – Dhading/Nepal submitted to Tribhuvan University/Nepal.

R8 - Nepal GD. (2003): Study of Socio-economic impact of Arsenic contaminated Groundwater in Rural areas of Siraha district using GIS as tools submitted to Tribhuvan University/Nepal.

R9 - Nepal GD. (2000): Influence of Management Information System (MIS) in Water Supply & Sanitation sector- case study of Kavrepalanchok/Nepal submitted to IHS/The Netherlands.

R10 - Nepal GD. (1996): Research on Finding of Dumping Site in Kathmandu Valley using GIS ARC/INFO ICIMOD/Tribhuvan University/Nepal.

R11- Nepal GD.; Mainali UK.; Shakya ER.; Maharjan D. (1996): A Complete Study and Report Preparation of Bovine Research Programme, Lalitpur, Nepal submitted Nepal Administrative Staff College, Jawalakhel, Lalitpur.

**Journal Articles**

J1 - Nepal GD (2017): Climate Resilient Water Safety Plan for WASH sector Sustainability and Health based target: research journal published by Nepal German Academic Association (NEGAAS)..

J2 - Nepal GD (2016): Earthquake Disaster and Post Earthquake Response in Water Supply Sanitation and Hygiene (WASH) / Nepal - a research journal published by Nepal GIS Society.

J3 - Nepal GD (2015): Water Supply Sanitation and Hygiene (WASH) for Livelihood Improvement and Climate Change Adaptation - a Nepalese Journal of Development and Rural Studies (ISSN : 2392-4403, Vol. 11, No. 1&2) published by Central Department of Rural Development, TU. Kirtipur, Nepal

J4 - Nepal GD (2015): Sanitation Marketing - Reaching to Unreached - a journal on Rural Infrastructure (vol 6, Issue 6, Bhadra 2072) published by Society of Engineers' for Rural Development, Nepal (SERDeN).

J5 - Nepal GD (2015): The Groundwater Recharge Potential in Kathmandu Valley/Nepal - a research journal published by Meloung Foundation, Nepal.

J6 - Nepal GD (2015): Impact of Open Defecation Free (ODF) Campaign, a technical Journal (ISSN-2091-0851, Vol 13, Number 1) of Water and Sustainable Development published on the occasion of World Water Day 2015, SOPHEN/Nepal.

J7 - Nepal GD (2014): Environmental Management and Climate Change Protection - a case study of Syalapani Community Forest, Dang/Nepal, a SeRDEN Journal on Rural Development, published by DoLIDAR, Nepal.

J8 - Nepal GD (2014): Water Safety Plan (WSP) for functionality and Sustainability: a case study of Beni Water Supply Project, Myagdi"- A Technical Journal (ISSN-2091-0851, Vol 12, Number 1) of Water, Sanitation, Health and Environment published on the occasion of World Water Day 2014, SOPHEN/Nepal.

J9 - Nepal GD (2014): Saraswati to Karlsruhe, a journal published by Saraswoti Higher Secondary School, on the occasion of Golden Jubilee, Gyalthum/Sindhupalchok

J10 - Nepal GD. (2013): WASH and Climate Change published from DoLIDAR - a SeRDEN Journal on Rural Development, published by DoLIDAR, Nepal.

J11 - Nepal GD, Subedi R.(2013): Rural Development published by National Planning Commission, Singhadarbar, Kathmandu/Nepal.

continued page 6

## नेपालको कूटनीतिक...

भारतलाई कूटनीतिक नोट पठाएर सीमासम्बन्धी आफ्नो दृष्टिकोण स्पष्ट पारेको यो पहिलो पटक हो । यसअघिका पञ्चायती सरकार, कांग्रेस सरकार लगायत कुनै पनि सरकारले कालापानीबारे भारतसँग मुख खोल्न सकेका थिएनन् । मनमोहन अधिकारीले आफ्नो दिल्ली भ्रमणका बेला सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धि पुनरावलोकनको प्रस्ताव गर्नुबाहेक राष्ट्रियता, सार्वभौमिकता र स्वाधीनताका विषयमा कुनै पनि सरकारहरु मौन बस्दै आएका थिए । तर यसपटक ओली सरकारले सीमाका विषयमा भारतसँग कुरा उठाएर ऐतिहासिक काम गरेको छ । भारतीय नाकाबन्दीका बेला भारतसँग घुँडा नटेकी राष्ट्रवादी छवि बनाएका ओलीले कालापानी प्रकरणमा पनि राष्ट्रवादको झन्डा उठाइरहेका छन् ।

कालापानीको विषयमा परराष्ट्र सचिवस्तरीय बैठक राख्ने नेपालको प्रस्तावमा भारत सहमत भए पनि बैठक कहिले बस्ने भन्ने समझदारी हुन सकेको छैन । भारतले पठाएको पत्रअनुसार सरकारले अब दुई महिनापछि मात्र बैठक बस्न सक्ने निष्कर्ष निकालेको छ । माघ दोस्रो साता भारतका नयाँ विदेश सचिव हर्षबर्द्धन श्रीगलाले पदभार सम्हाल्दैछन् । विदेश सचिवलाई ब्रिफिङ लिन करिब एक महिना लाग्ने पूर्वाभ्यासका आधारमा बैठक पछि धकेलिएको हो । फागुनभन्दा अघि बैठक नहुने कूटनीतिक स्रोतको भनाइ छ । २० जनवरीमा नयाँ विदेश सचिव हर्षबर्द्धन श्रीगलले कार्यभार सम्हाल्नेछन् र त्यसपछि मात्र बैठकको मिति तय हुने बताइन्छ । नेपालले ४ मंसिरमा पत्र लेखेर भारतको रोजाइअनुसार काठमाडौं वा दिल्लीमा बैठक गर्न सकिने भनेको थियो । बैठकको मिति डिसेम्बर पहिलो वा तेस्रो साता प्रस्ताव गरेको थियो ।

कालापानी क्षेत्रमा भारतको सैन्य पोस्ट रहँदै आएको छ । भारतले कालापानीमा कहिलेदेखि सैन्य फौज राख्न थाल्यो भन्ने यथेस्ट प्रमाण नेपालसँग छैन । तर २०४५ सालमा दार्चुलाका तत्कालीन प्रजिअ डिल्लीराज जोशीले गृहमन्त्रालयलाई पठाएको प्रतिवेदनमा सन् १९५२ देखि नै भारतले च्याप्न थालेको अतिक्रमणको चपेटामा लिम्पियाधुरा लिपुलेक पुस्तकमा लेखक रतन भण्डारीले उल्लेख गरेका छन् । सन् १९५२ मै तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतलाई नेपालको उत्तरी सीमामा १७ वटा सैन्य पोस्ट राख्न अनुमति दिएका थिए । २०२६ सालमा प्रधानमन्त्री कीर्तिनिधि बिष्टको पालामा नेपालले भारतीय चेकपोस्ट हटाउनुपर्ने अडान राख्यो । भारतले १७ मध्ये १७ वटा चेकपोस्ट हटायो । तर दार्चुलाको तिंकरमा राखिएको सैन्य पोस्ट भने कालापानीमा सार्दै सैन्य उपस्थिति कायमा राखेको छ । हाल कालापानीको सैन्य क्याम्पमा इन्डो तिब्बत बोर्डर फोर्स (आइटीबीएफ) का करिब ४०० जवान रहेको बताइएको छ । भारत र चीनले भारतीय तीर्थयात्री लिपुलेक हुँदै मानसरोवर प्रवेश गर्नेबारे सन् १९५४ मा समझदारी गर्दा नेपाल प्रतिक्रियाविहीन बसेको प्रतिफल अहिले भारतले कालापानीमा दाबी गर्ने अवसर पाएको हो । सन् १९६२ मा भारत र चीनबीच युद्ध हुँदा भारतीय फौज गुन्जीबजारदेखि कालापानी हुँदै नाबीसम्म जान्थ्यो । भारतीय फौजले नेपाली भूमि प्रयोग गर्दा नेपालले सुरुमै आपत्ति जनाएको भए कालापानीमा भारतीय फौज नै रहने थिएनन् । सुरुमा नेपाली भूभाग प्रयोग गर्दै हिंडे, नेपालले निगरानी गरेन पछि कालापानीमा क्याम्प खडा गऱ्यो भारतीय फौजले ।

कालापानी विवादित क्षेत्रसम्म पुग्न नेपालबाट कठिन हुने भएकाले भारतीय बाटो हुँदै जानुपर्छ । विकट भूगोलको अवस्थाबारे सरकार बेखबर रहँदा र सीमा विवादबारे समयमै कूटनीतिक समाधान नहुँदा कालापानीसहित नेपालका तीन गाउँ गुन्जी, नाबी र कुटी समेत भारतले आफ्नो कब्जामा पारिसकेको छ । सीमा विवाद समाधानको नाममा अहिलेसम्मका प्रयत्नहरु राजनीतिक तहमा भन्दा कर्मचारीको तहमा सीमित छन् जसले उच्च राजनीतिक तहबाट हुनुपर्ने समाधानको पहलालाई पर धकेलिरहेको छ । सीमाजस्तो संवेदनशील र पेचिलो मुद्दालाई कर्मचारीको जिम्मा लगाएर राजनीतिक नेतृत्व अब पन्छिन मिल्दैन ।

२०७२ को नाकाबन्दीपछि नेपाल मामिलामा सम्भवतः रक्षात्मक स्थितिमा आइपुगेको भारतलाई नेपालसँगको सम्बन्ध सुधारको सन्देश प्रवाहित गर्नुपर्ने आवश्यकता पनि छ । खासगरी छिमेकी र छत्रछायाँमा रहेका देशहरुलाई दक्षिण एसियामा प्रभाव जमाउँदै गरेको चीनतर्फ जबर्जस्ती धकेलेको आलोचनाबीच भारतले नेपालसँगको सीमा विवाद साम्य गर्न खुला छलफलका लागि आफूलाई तयार पारेको विश्लेषकहरुको बुझाइ छ । नेपालमा भारतविरोधी भावनको एउटा मुख्य कारण कालापानी सीमा विवाद हो, २०७२ को नाकाबन्दीले त्यसलाई थप मलजल गरेको छ । सीमा विवाद टुंग्याउन भारत खुला छलफलका लागि तयार नभए त्यसले नेपाल भारत सम्बन्धलाई मात्र होइन, भूराजनीतिक अवस्थिति प्रभावमै दीर्घकालीन असर पार्न सक्ने कूटनीतिक क्षेत्रका जानकारहरुको मत छ । भारतीय नाकाबन्दीपछि चीनतिर ढल्किएको भनी टिप्पणी भइरहँदा सीमा विवाद थप बल्झिए नेपाली मनोविज्ञान भारतसँग अझ टाढिन सक्ने कूटनीतिक क्षेत्रका जानकारहरुको बुझाइ छ ।

## कालापानीमा...

सुरक्षा बलले 'हट हाउस' बनाएको छ, नेपाली सुरक्षा बलका लागि पनि त्यस्तै प्रकारको संरचना बनाउन प्राविधिकहरुले अध्ययन गर्नेछन् । हिउँमा पनि बस्न मिल्ने संरचना नेपालमा अहिलेसम्म बनेको छैन ।

ब्यास १ छाङरुको गागा क्षेत्रमा सशस्त्र प्रहरीको सीमा सुरक्षा (बीओपी) स्थापनाको टुंगो लागेको छ । बिओपी स्थापनाको निर्णयसँगै नेपाल सरकारबाट ११ करोड बजेट व्यवस्थापन गरिएको छ । सुरक्षा पोस्टका लागि १५ रोपनी सरकारी जमिन सशस्त्र प्रहरीका नाममा निर्णय भई बजेट समेत विनियोजन गरिएको छ । सशस्त्र प्रहरीको हेड क्वाटरले १४ करोड ६ लाख १४ हजार एक सय ७० रुपैयाँ सुरक्षा पोस्ट स्थापनाका लागि बजेट मागेको थियो । १ करोड बजेट सशस्त्र प्रहरी बलले प्राप्त गरिसकेको छ । ठेक्का प्रक्रियामार्फत सुरक्षा पोस्टको भौतिक संरचना निर्माण गरिँदैछ । सीमा अतिक्रमण र सिमानाको सुरक्षाको विषयले सबैको ध्यानाकर्षण भएपछि मात्रै सरकारले निर्णय गरेको हो ।

भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, कालापानी र लिपुलेकमा भारतका तीन तहका सुरक्षा बल तैनाथ छन् । एसएसबी, आईटिबीपी र भारतीय सेना करिब आधा दर्जन अलग अलग ठाउँमा क्याम्प बनाएर बसेका छन् । कालापानी र लिपुलेक सीमा अतिक्रमणको चपेटामा परेको भए पनि नेपालको राज्य संयन्त्रको पहुँच बाहिर रहेकाले भारतीय पक्षले आफ्नो अनुकूल गतिविधि गर्दै आएको छ । कालापानीबाट चिनियाँ सेना आउँदै गरेको टाढैबाट देखिने भएकाले सामरिक महत्वका कारण भारतले त्यहाँ कब्जा जमाइरहेको छ । भारतीय सुरक्षा बलले छाङरु र तिंकर नेपालका दुई गाउँमा समेत गस्ती गर्ने गरेको स्थानीयको भनाइ छ ।

कालापानी क्षेत्रका ५ गाउँ नाबी, कुटी, गुन्जी छाङरु र तिंकरमध्ये छाङरु र तिंकर दुई गाउँ नेपालमै छन् । तीन गाउँका बासिन्दाका लागि भारतले नागरिकता र रासनकार्ड दिएको छ । यी गाउँमा सयको हाराहारीमा सौका जातिको बसोबास छ । छाङरु र तिंकरमा बसोबास गरिरहेकाहरुका लागि खाद्यान्न, लत्ताकपडा लगायतको व्यवस्थादेखि जिल्ला सदरमुकाम जानसमेत भारतको भर पर्नुपर्ने समस्या छ । महाकाली पारिपट्टि भारतले सडक निर्माण गर्दा नेपालतर्फको घोरेटो ठाउँठाउँमा क्षतविक्षत छ । भारतले नयाँ नक्सा सार्वजनिक गरेपछि चुलिएको विरोध र चर्चापछि प्रदेश र संघ दुवै सरकारले घोरेटो बनाउने र सुरक्षा बल राख्ने निर्णय गरेको हो । भारतले नेपाल भारत सीमा नदी महाकालीको किनारैकिनार सडक निर्माण गरिरहेको छ । ब्यास गाउँपालिका १ र २ पारिपट्टि चट्टान फुटाएर सडक निर्माण गर्दा ढुंगा र माटो नदीमा खसिरहेका छन् जसले महाकाली नदी नै थुनिने खतरा बढेको छ । ब्यास गाउँपालिका ५ धौलाकोटको पारितर्फको तवाघाटदेखि महाकाली नदी साँघुरिँदै गएको छ । तवाघाट तिउतन्न बत्तिघाट पाँगलादेखि गर्भासम्म भारततर्फ र महाकाली नदीको बीचसम्म ठूलठूला ढुंगा फालिएको छ । गर्भादेखिको माथिल्लो क्षेत्रमा भारततर्फको चट्टानी भूभाग फोडेर चट्टान खन्न विस्फोट गराउँदा त्यसको असर नेपालको भूभागसम्म पर्ने गरेको छ ।

नेपालको अविभाज्य भूमिहरु कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर सरकारले अझै नक्सा सार्वजनिक गर्न सकेको छैन । ब्यास गाउँपालिकाले कालापानी सामरिक क्षेत्र भएकाले नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको स्थायी पोस्ट स्थापना गरी बाह्रै महिना सुरक्षा निकाय बस्ने संरचना निर्माण गर्न माग गर्दै आएको छ । लामो समयदेखि निर्माणाधीन त्रिदेशीय सीमा जोड्ने तिंकर सडकको काम कछुवा गतिमा भइरहेकाले सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिन माग गरिएको छ ।

## पार्टी गर्न...

३ घण्टाको ३ हजार ५ सय रुपैयाँ र त्यसपछि प्रत्येक घण्टा १ हजार रुपैयाँ, ६ घण्टाको प्राइभेट पार्टीको ५ हजार ५ सय रुपैयाँ र त्यसपछि प्रतिघण्टा १ हजार रुपैयाँ, १२ घण्टाको प्राइभेट पार्टीको लागि ८ हजार ५ सय रुपैयाँ र त्यसपछि प्रति घण्टा १ हजार रुपैयाँ निर्धारण गरिएको कम्पनीको वेब साइटमा उल्लेख छ ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-२०



**खोमदत्त बराल**

दुई नम्बर प्लेटफर्ममा जानु पर्ने एक नम्बर गेट बाट मेट्रो चढिएछ । फेरी चादनी चोक फेरी फिर्ता कास्मिरी गेटबाट रिठाला चौध टेसन पार गरीयो । अँ मेट्रो आज सुरक्षाकर्मी बसेर महिला आरक्षण क्षेत्रमा केटाहरुलाई प्रबेस गर्न दिएनन् । हिजो अस्थि मेट्रो मा सुरक्षाकर्मी राखेर क्षेत्र ब्यबस्थापन हुने गरेको थिएन । सायद हिजोको बिवाद ब्यबस्थापन पक्ष सम्म कुरा पुगेको हुनु पर्छ । मौका परेको भए हिलो ती केटीले बेसरम केटालाई पक्राइदिने थिइन् होला । केटो अघि बाटै मेट्रो बाट नौ एघार भइ सकेको थियो । तर जे होस ती नानीबाट ब्यबस्थापनमा सिकायत भएकै हुनु पर्छ । अन्यथा यस्तो फरक ब्यबस्था कसरी हुन सक्थ्यो ? कडाकै साथमा सुरक्षाकर्मी काममा लागेका थिए ।

२०६८/१/२२ घर छोडे पछि आफ्ना दैनिकी पनि अनियमित हुन्छन् । सधैं बिहान बेलुकै प्राणायम र मेडिटेसन हुने गर्थ्यो । यहाँ बिहान मात्र सम्भब हुन्छ । चार बजे उठेर आफ्नो नित्य कर्मलाइ समापन गरेर एक डेड घण्टाको काम हो । बिहान भने गरिदैंछ । तर मथुरामा भ्याइएन । आगरा बाट फिर्दा राती बाह्र बजेको कारणले सुत्न ढिलो भयो । सुत्न ढिलो भए पछि उठ्न पनि ढिलो हुनु स्वभाबिक हुँदो रहेछ । दुई दिन छुट्यो । यहाँ हामी बसेको सोम बजार राजीब गान्धी क्यमन्सर हस्पिटल देखि दशौं मिनट पैदल यात्राको इरीमा छ । यहाँ नजिकै बुढा बुढिको बिहान बेलुका घुम्ने पार्क छ । तर केटाकेटीले क्रिकेट हक्की खेलिरहने हुँदा झार घाँस उम्रिन पाएको रहेनछ । तै पनि रुख बिरुवाहरु प्रशस्तै भएकोले बिहान बेलुकाको हावा खाने र घुम्ने ठाउँ छ । राम्रै छ । अलिक पर दीन बन्धु पार्क छ । त्यहाँ भने बरिष्ट नागरिक हरुको राम्रै जमघट हुदो रहेछ । केही तास खेलिरहेका केहि लुडो चेस खेल्ने गरेको देख्दा छिपिदैं गएको ज्यानको लागि उपयुक्त वातावरण र खेल तमासाको बाताबरण बनाउँनु पर्ने रहेछ । भन्ने लाग्दैछ । यो काठमाण्डौंमा कसरी सम्भब होला चिन्ता बढेको छ । काठमाण्डौंमा यसरी बुढेस कालको ब्यबस्था केही छैन । यहाँ सोमबजारमा भने अर्को ब्यबस्था पनि राम्रो लाग्यो । दुई चार घर मिलेर कार पार्किङ्गको लागि जग्गा छोड्ने ब्यबस्था राम्रो छ । काठमाण्डौंमा पंक्तिकारले दुई एक बुढाहरुको सभा सेमिनारमा भाग लिइएको छ । अरु केही ब्यबस्था गर्न नसकेमा बुढेसकालमा तास खेलेर पनि मन बहलाउँनु उचित हुने कुरा राय राखेको सुनिएको थियो । सायद नेपालमा बिशेष गरेर काठमाण्डौंमा खासै ब्यवस्था हुन सकेको छैन । पार्कको त के कुरा रत्नपार्क बुदाहरुको भन्दा नब यौबनाहरुको पार्कको रुपमा परिणत भएको छ । नगरबधुको खोजी गर्ने पार्क पनि भन्ने गरिन्छ । ब्यबस्थै नभएको छाडा मुलुकको रुपमा काठमाण्डौंको नाम दर्ज गरिदिएमा उचित हुन्थ्यो कि भन्ने लाग्छ । काठमाण्डौमा पार्क बनाउने कुराको सन्दर्भमा भ्रष्टचार बिरुद्धको निगरानी गर्नु पर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्तहरु पार्कको सरकारी जग्गा निजी ब्यक्तिका नाममा दर्ता गराउँन आदेश गर्छन् । सचिब चाहि आफ्नो दायित्व छैन । संलग्न छुइन । निर्माणका लागि फर्नकूल पठाइ दिएको मात्र हो भनेर पन्छिन खोज्छन् । आयोजमा निजामती प्रशासनको प्रमुख ब्पक्तिले पेश नगरे सम्म आयोगले हेर्दैन । बैद्यताको लागि सचिबको दस्तखतको अहं भूमिका हुनु पर्ने हो । के भनाइ हो ? कसरी निर्माणको कार्यबिधि तय गरिएको हुन्छ सचिबले दस्तखत नगरी आयुक्तहरुकोमा पुग्छ । दस्तखत गरेर पनि जिम्मेवारी लिनु नपर्ने हुन्छ कि के कस्तो ब्यबस्था हुन्छ । किन यस मुलुकमा आधिकारीक ब्यक्तिहरु बेबारिसे पाराले पेश हुन्छन् । यो देशको अभिशाप नै होला त ? अनामनगरमा तेइस रोपनी जग्गा त थियो मदन भण्डारिजीका नाममा क्याम्पस बनाइएको छ । केही जग्गा ओरियनटल स्कूलले दमपच गरेको छ । केही मिलनस्कूलमा होला । केही जग्गामा ब्याडमिन्टन कोर्ट बनाइएको छ । मलाइ त यसरी ब्याडमिन्टर कोर्ट बनाउँनु भन्दा त्यहाँ केही बृक्षरोपण गरेर हरियाली बनाइ राखे अक्सीजन सिर्जना हुन्छ र नगरीवासीलाइ फाइदा पुग्छ भन्ने लाग्छ । खोलो, खोल्सो कुलो सबै ब्यक्तिका नाममा हडप गर्ने मानिसहरु जति काठमाण्डौंमा नै आइपुगेका रहेछन् । एउटा जोरपाटीको बहादुरले अनामनगरको करोडौं पर्ने जग्गा सट्टा भर्ना भनेर लिएछ । सरकार पनि अचम्मकै छ । अदालतहरु फुच्चे कानुन मात्र हेर्छन । ब्यक्तिगत सम्पत्ति अनपहरणीय हुन्छ भन्ने नाममा समाजमा र देशमा त्यसको के प्रभाब पर्छ भन्ने सम्म नबुझ्ने न्यायधीसका कारण पनि देशमा अपराधकर्मीहरुले प्रोत्साहन पाएका छन् र जे पायो त्यहि गर्छन् । कानुन किन्न सकिने खालको हुन्छ । जुत्तामा चरेस हालेको त ठिकै रहेछ, तर देब्रे जुत्तामा हो कि दाइने जुत्तामा हो स्पष्ट नखुलेकोले मुद्धा लाग्न सक्दैन भन्ने न्यायदिसको उपस्थिति यही मुलुकमा भएको छ । कानुनी राज र बिधिको शासन यी यस्ता नकच्चरा शब्दहरु जस्तो लाग्न थालि सक्यो ।

*(क्रमशः)*

## मार्क्सवाद....

त्यसलाई प्राप्त गरी छाड्छौं र त्यसमा नेपाली जनतालाई लगनशीलताका साथ अघि बढाउँछौं । हामी यस्ता काम गर्ने स्वेच्छिक दायित्व ग्रहण गरिसकेका त्यागी अभियन्ताहरु हौं । हामीले मार्क्सवादलाई जडसूत्रको रुपमा होइन, यस अभिभारालाई फत्ते गर्ने मार्गदर्शकको रुपमा लिनुपर्छ, हामीले मार्क्सवादलाई यस युगमा नेपालका ज्वलन्त समस्याहरुलाई नेपाल र नेपाली जनतामुखी समाधान दिने पाक्ताउली बनाउन सक्नुपर्छ । हामीले मार्क्सवादलाई ढुंगामा खोपिएको ढिँडो होइन, कस्सिएका हारमा बसेका मकैका दाना छोडाउने कर्द बनाउन सक्नुपर्छ । सारांशमा मार्क्सवादलाई त्यसको सारतत्वसहित नेपालीकरण गर्न सक्नुपर्छ ।

महासचिवको प्रतिवेदनमा मित्रराष्ट्र चीनका राष्ट्रपति सी चिन फिङको ऐतिहासिक नेपाल भ्रमणको समीक्षा गर्दै भनिएको छ- 'मित्र देशका राष्ट्रपतिबाट व्यक्त नेपाललाई भूपरिवेष्ठित अझ खासमा भारतवेष्ठित अवस्थाबाट भूजडित अवस्थामा पुग्न सहयोग गर्ने' विचार र नेपाल चीन सहयोगको सम्बन्धलाई 'बहुआयामिक साझेदारी' बाट 'रणनीतिक साझेदारी' को तहमा उठाउन गरिएका सहमति तथा सम्झौताहरुले नेपाल चीन मैत्री सम्बन्धमा युगान्तकारी मोड ल्याउन सक्छन् । सम्झौताहरुले नेपाललाई भारतीय प्रभाव र त्यसमाथिको एकतर्फी निर्भरताबाट फुत्कन, स्वालम्बनको बाटोमा अघि बढ्न, आफ्नो स्वतन्त्रता, सार्वभौमसत्ता तथा भूअखण्डतालाई रक्षा गर्न र भारत, संयुक्त राज्य अमेरिका, रुस, ग्रेटब्रिटेन आदि जस्ता शक्ति राष्ट्रहरुसँगको सम्बन्धलाई सन्तुलित ढंगले निर्वाह गर्न अभूतपूर्व अवसर सिर्जना गरिदिनेछन् ।

महासचिवको प्रतिवेदनमा भारतीय विस्तारवाद विरोधी संघर्षलाई नयाँ उचाइमा पुऱ्याउन आह्वान गरिएको छ । भारतले गत कात्तिक १६ गते सार्वजनिक गरेको नयाँ राजनीतिक नक्सामा नेपालको पश्चिमोत्तर सीमामा पर्ने ब्यास क्षेत्र (जसमा लिम्पियाधुरा, कालापानी र लिपुलेकका क्षेत्रहरु पर्छन्) को ३९५ वर्गकिलोमिटर नेपाली भूमि भारतभित्र देखाइएको छ । यसको नेपाली सञ्चारमाध्यम तथा नेकपा मालेसहितका सबै राजनीतिक दल र जनताले विरोध गर्दै यसको कूटनीतिक र राजनीतिम माध्यमद्वारा अविलम्ब सच्याउन भारतलाई खाली गराउन माग गरिरहेका छन् । यसबारेमा प्रतिवेदनमा विस्तृत चर्चा गर्दै अन्त्यमा भनिएको छ नेपाली भूमि ब्यास क्षेत्रमाथिको भारतीय कब्जालाई अन्त्य गर्ने, अन्यत्र सबै ठाउँमा भएका भारतीय सीमा अतिक्रमणलाई रोक्ने तथा नेपाल भारत सिमानालाई व्यवस्थित र नियमन गर्ने संघर्ष भारतीय विस्तारवाद विरुद्धको अत्यन्त जटिल र कठिन राजनीतिक संघर्ष हो । यो भारतीय विस्तारवाद विरोधी नयाँ र उन्नत चरणको संघर्ष बनेको छ जसको जोरजाम गर्न देशभक्तहरुले आजदेखि नै दृढतापूर्वक लाग्नुपर्छ । प्रतिवेदनमा देशभक्त लोकतान्त्रिक शक्तिको फराकिलो मोर्चा बनाउने बारेमा समेत जोड दिइएको छ ।

## नेकपामा...

गहिरो बन्दै गएकोमा कार्यकर्ताहरु चिन्तित छन् । नेकपा महासचिव पौडेलको अकुत सम्पत्ति पार्टीले छानबिन गरी कारबाही गर्न पहल गर्ने आशा ५ नं. प्रदेशका जनताले गरेका छन् । पार्टीले छानबिन गर्न ढिलाइ गरेमा ५ नं. प्रदेश सरकारले पनि भ्रष्ट नेताहरुको सम्पत्ति खोजी र छानबिन गर्नुपर्ने अधिकांश मतदाताहरुको आवाज छ ।

लुम्बिनी विकास कोषमा करोड घूस उठाएर प्रजिअ विष्णुप्रसाद ढकाललाई सदस्यसचिव नियुक्ति गर्न सफल नेकपाका महासचिव विष्णु पौडेलको अहिले लुम्बिनी अञ्चलका जनताले धनसम्पत्ति खोजी गर्ने अभियान चाल्न सक्नेछन् । कम्युनिस्ट पार्टीमा भ्रष्ट सम्पत्ति, अवैध र अनैतिक कामकारबाहीमा कठोर दण्ड सजाय हुनेछ । तर नेपालका कम्युनिस्ट भ्रष्ट, दलाल, घूसखोर, कमिशनखोर र अनैतिक बनेपछि नेपालमा विदेशी हस्तक्षेप बढेको गुनासो पनि पार्टी कार्यकर्ताको रहेको छ । ५ नं. प्रदेशलाई सदाचारी कम्युनिस्ट नेता, सदस्य र कार्यकर्ताहरु विकास गर्ने आचारसंहिता र नीति पनि नेकपाले जारी गरोस् भन्ने पक्षमा कार्यकर्ता रहेका छन् । यहाँ महासचिव पौडेल र मुख्य मन्त्री पोखरेल को को कसरी पवित्र छन् ? यसको छानबिन गर्ने काम होस् भन्ने पक्षमा पार्टी कार्यकर्ता छन् ।

## यसकारण...

निमित माओले लागू गरेको नीतिले उल्लेख्य उपलब्धि हासिल गऱ्यो ।

माओले समाजवाद निर्माणमा हतारो गर्दा उनी अहिले पनि आलोचित बनेका छन् । यही क्रममा उनले सामूहिकीकरण अभियान र सांस्कृतिक क्रान्ति सुरु गरे जसले माओलाई विवादमा तान्यो । चाङचिङ लगायतको 'ग्याङ अफ फोर' को उद्दण्डताले चिनियाा जनतालाई हैरान बनायो । यसमा माओले हस्तक्षेपकारी भूमिका खेल्न सकेनन् । सांस्कृतिक क्रान्तिले स्वतस्फूर्त जनसहभागितालाई गौण बनायो । आदेश र योजनाले प्राथमिकता पाए । पाुजीवादी विकसमा आधारभूत चरणलाई फड्को मारेर समाजवादतिर लम्किन हतार गर्दा र तालमेल नमिल्दा चिनियाा समाज अन्यौलमा फस्यो । चीनमा अहिले पनि माओको योगदानलाई लिएर व्यापक बहस चलिरहेको छ । धेरै मानिसहरु उनलाई अझै सम्मान गर्छन्, उनको फोटोको पूजा नै गर्छन् । केही मानिसहरु सामूहिकीकरण अभियानका बेला किसान र जमिनदारमाथि मनोपोली ज्यादती गर्ने नाइकेका रुपमा उनलाई लिन्छन् ।

सांस्कृतिक क्रान्तिका क्रममा नष्ट गरिएका चिनियाा प्रचीन वैभवको जिम्मेवार माओलाई नै ठहऱ्याउाछन् । उनको चीनको निर्माणमा रहेको भूमिकालाई गौण बनाउने काम गर्छन् । चीनले लिएको सुधारको बाटोले चीनमा बढ्दो असमानता, असुरक्षा र भ्रष्टाचार बढाएकोमा एक थरी मान्छे भने चिन्तित छन् । उनीहरु समानतापूर्ण समाजको माओले देखाएको बाटो नै चीनले अवलम्बन गर्नुपर्ने धारणा राख्छन् ।

सन् १९७६ मा माओको निधनपछि चीनलाई देङ सियाओ पिङ सुधारको बाटोतर्फ लान नेतृत्व गरे । चीनले अहिले जति उन्नति गरेको छ, त्यसको आधार भने माओकालीन चीनले गरेको उपलब्धि नै हो । चिनियाा परिवेश अनुरुप माओले क्रान्तिको बाटो पहिल्याएर त्यसको सफल नेतृत्व गरे । हरेक देशको क्रान्ति र परिवर्तनको बाटो एउटै प्रकारको हुादैन भन्ने माओको बुझाइ थियो । उनका उत्तराधिकरीहरुले पनि चिनियाा समाजमा देखापरेको अन्तर्विरोध र विश्वमा भइरहेको फेरबदललाई सही ढंगले केलाए र आफू अनुकूल नीति निर्माण गरे । जसका कारण चीन आज विश्वकै ठूलो अर्थतन्त्र बन्न पुगेको छ । अति महाशक्ति राष्ट्र अमेरिकालाई अबका अढाई दशकपछि उछिन्दै विश्व अतिमहाशक्ति राष्ट्रको ताज पहिरिनेवाला छ । चन्द्रमादेखि मंगलग्रह चहार्दै चीनले अभूतपूर्व विज्ञानको विकासलाई संसारसामु प्रस्ट पारिसकेको छ । विश्वकै अग्लो टावर बनाउनेदेखि द्रुतगतिको रेल समेत चलाएर उसले चरम विकासको महारथ हासिल गरिसकेको छ ।

माओले आफ्नो जीवनकालमा चीनमा समाजवाद निर्माणको मात्र नेतृत्व गरेनन्, विश्वमा भएका साम्यवादी क्रान्तिलाई भरपुर सहयोग गरे, वैचारिक नेतृत्व प्रदान गरे अनि साम्राज्यवादसाग टक्कर लिए । तेस्रो विश्वमा भइरहेका साम्राज्यवादविरोधी क्रान्तिका पक्षमा जोडदार आवाज उठाए ।

माओको नेतृत्वले विश्वको शक्ति सन्तुलनमा निकै ठूलो परिवर्तन ल्यायो । विश्वमा श्रमजीवी जनतामा मुक्ति र स्वतन्त्रताको आशा जगाउन उनी सफल रहे । जनतालाई बलियो बनाउने, उनीहरुलाई राज्यको निकट बनाउने निर्णय प्रक्रियामा जनतालाई सामेल गरेर गोलबन्द गर्ने काम गरे उनले । माओ छादै युरोपमा साम्यवादी आन्दोलन चर्किए, धेरै मुलुकहरुले क्रान्तिको कोर्स पूरा गरे । ल्याटिन अमेरिकी देशहरुमा पनि साम्राज्यवाद विरोधी आन्दोलन चर्किए । एसियाली मुलुकहरुमा पनि समाजवादी क्रान्तिको आरम्भ भयो । जे होस् माओको प्रेरणाले विश्वका श्रमजीवी जनता एकपटक साच्ची नै मुक्तिका लागि जुर्मुराएका थिए । माओ २० औं शताब्दीका एक महान क्रान्तिकारी नेता थिए ।

## नेकपाको एकतामा...

राख्नका लागि दुइवटा अध्यक्ष बनाइयो । मिल्ने हुन्थ्यो भने देशमा दुइवटा प्रधानमन्त्री बन्ने अवस्था थियो । तर कानुनले नदिने थियो र मात्र रोकियो ।

पार्टीमा हुने निर्णयहरुको हस्तक्षेपमा केपी ओलीको भूमिका अब्बल देखिएपछि प्रचन्ड त्रसित भए र आलोपालोको कुरा झिकेर सरकारको काममा ढुङगा हान्न थाले यसबाट हच्किएर ओलीले कार्यकारी अध्यक्ष प्रचन्डलाई बनाएर आफू पाचै वर्ष प्रधानमन्त्री हुने निधो गरेर फेरी प्रचन्डसँग बरणी गर्न पुगे । कार्यकारी अध्यक्षको नियुक्ती पाएका प्रचन्डले केही समयपछि मलाई कार्यकारी भएको महसुस नै भएन भन्ने कुरा निकाले ।

अहिले फेरी पाटी नेतृत्वबाट नै पाटीमा गुट झाङगीएको अभिव्यक्तिहरु आउन थालेपछि नेकपा भित्र एककिसिमले फेरी धमिलो पानीको छिर्का पर्न थालेको बुझ्न सकिन्छ । पाटीको हरेक निर्णयमा केपी ओलीको एकल हस्तक्षेप छ भन्ने कुराको गन्ध पनि बाहिर नआएको होइन । जसबाट रुष्ट भए नेकपाका उच्च तहका नेताहरु नै अहिले सरकारको कामबाट खुशी नभएको प्रतिक्रिया दिइरहेका छन । यसले फेरी पाटीमा एक किसिमले पाटीभित्रको अस्थिरतालाई उजागर गर्ने संकेत मिलेको छ । दुइ तिहाइ बहुमत बटुलेर बनेको नेकपाको सरकारले आम जनताको मर्म र भावना अनुसार काम गर्न नसकेको कुरामा आलोचित बन्न थालेको हो ।

स्वास्थ्य समस्याले आराम गरेर बसेका ओलीलाई पाटीभित्रको विरामले फेरी पोल्न सुरु गरेको हो की ? भन्ने अडकल गर्न सकिन्छ । पाटीमा सिस्टम भन्दा पनि व्यक्तिलाई महत्व दिने प्रवृत्ति हावी भएको कुरामा नेकपाका उच्च तहका नेताहरु नै स्वीकार गर्छन । यसले पाटीमा एकता अन्तर आत्मदेखि नभएको बुझ्न सकिन्छ ।

सरकारको काममा रुष्ट हुनु र वैठकमा असहमती प्रकट उच्च तहका नेताहरुबाट नै हुनु भनेको पाटीमा कालोबादल लाग्न थाल्नु हो । यसले राम्रो संकेत गर्दैन । पाटी नेतृत्वका लागि पनि यो समस्या एउटा चुनौतिको रुपमा देखिन्छ । पाटीलाई माथीदेखि तलसम्म एउटा मालामा गसेर एकै किसिमको गोरेटोमा हिडने अभ्यास नगराउनाले अहिले पाटी नेतृत्वलाई यो चुनौति आएको हो । यसले सरकारको कामलाई पनि धमिल्याउने काम गर्न सक्छ ।

कतिपय सरकारका कामहरु विवादित बनेका बेला सत्तारुढ दलभित्रका नेताहरु नै रुष्ट हुनु भनेको प्रधानमन्त्रीका लागि पनि राम्रो संकेत होइन । नेकपा पाटीलाई अस्ती भरखरको उपचुनावमा पनि जनताले केही संकेत गरिसकेका छन । त्यसैले पाटी एकताको कामलाई छिटो टुङगोमा लगेर सबैजना एउटै डुङगामा सयर गर्ने वातावरण नेतृत्व पक्षले गर्न जरुरी छ । पाटीको शक्तीको अभ्यास भन्दा पनि विधि र सिस्टमको अभ्यास गर्नका लागि नेतृत्व पक्षले ध्यान दिनुपर्दछ । नत्र फेरी पाटीभित्रका वरिष्ठहरुले छुटटै चुलोचौका जोडन बेर हुदैन । पाटीमा एकल निर्णयको अभ्यासलाई तत्काल बन्द गर्न जरुरी छ । यसले पाटीमा अराजकता निम्त्याउने र सरकारलाई लरबराउने अवस्था आउन सक्छ । त्यसैले पाटीमा अझैपनि एकता भएको भनिएता पनि अन्तर त्रासले सताएको हो की भन्ने लाग्दछ ।

## फ्रान्सस्थित...

प्रदर्शनीपछि नेपालीहरु भारतीय दूतावासमार्फत् भारत सरकारसमक्ष विरोध पत्र बुझाउन गएका थिए । तर भारतीय दूतावासका कर्मचारीले विरोधपत्र लिन अस्विकार गरे । विरोधपत्रसमेत लिन अस्विकार गरेपछि नेपालीहरुले भारतीय सरकार विरुद्द झनै कडा नाराबाजी गरेका थिए ।

## एमसीसी...

थियो । एमसीसी नआएको भए गोरखपुर अन्तदेशीय प्रसारण लाइन बनाउन सहमत गराउन नसकिने पनि बताइयो । नयाँ बुटवल गोरखपुर सीमापार प्रसारण लाइनको कार्यान्वयनलाई सञ्चालन गर्ने लगानी तथा स्वामित्वसम्बन्धी संरचनामा नेपाल सरकार तथा भारत सरकारबीच १५ अक्टोबर २०१९ मा सहमति भइसकेको छ । यो सहमति कम्प्याक्ट र यसका पूर्वसर्तहरुको एक अभिन्न अंग रहेको एमसिए नेपालले जनाएको छ । अहिले नेपालको बिजुली उत्पादन मागभन्दा कम रहेको र ७ सय मेगावाटबाट थपिने क्रममा भएकाले भारतमा बेच्नैपर्ने अवस्था छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अमेरिकी सरकारी संस्था हो । यो सन् २००४ मा स्थापना भएको हो । यसको सञ्चालक समितिको अध्यक्ष अमेरिकी विदेशमन्त्री रहेका छन् भने सदस्यहरुमा अर्थमन्त्री, युएसआइडीका प्रशासक, अमेरिकी व्यापार प्रतिनिधि, एमसीसीका प्रमुख कार्यकारी र निजी क्षेत्रबाट चार जना छन् । एमसीसी २७ देशमा छ । १७ वटा देशले सदनबाट पारित गरिसकेका छन् ।